# वार्षिक प्रतिवेदन

२०८१



## १8औं वार्षिक क्याम्पस सभा

## Mahakavi Devkota Campus

Re-Accredited by University Grants Commission (UGC), Nepal, (2080)


Sunwal, Nawalparasi, Nepal

+977-78-570049, 9857046049

mdcampus60@gmail.com
info@mdc.edu.np

www.mdc.edu.np

# महाकवि देवकोटा क्याम्पस

## सुनवल, नवलपरासी

### सञ्चालक समिति नामावली (२०८०-२०८३)

| क्र.सं. | नाम/थर | पद |
|---|---|---|
| १ | श्री कृष्ण प्रसाद लामिछाने | अध्यक्ष |
| २ | मा.सा. ध्रुब बहादुर प्रधान, नवलपरासी, २ | सदस्य (प्रतिनिधिसभा सदस्य) |
| ३ | मा.वि. खड्ग बस्नेत, नवलपरासी, २ (ख) | सदस्य (प्रदेशसभा सदस्य) |
| ४ | श्री विमला अर्याल | सदस्य (नगर प्रमुख, सुनवल नगरपालिका) |
| ५ | श्री विष्णु प्रसाद पौडेल | सदस्य (निवर्तमान अध्यक्ष) |
| ६ | श्री अर्जुन कुमार पोखरेल | सदस्य |
| ७ | श्री भीम बहादुर थापा क्षेत्री | सदस्य |
| ८ | श्री गोपाल प्रसाद शर्मा | सदस्य |
| ९ | श्री उमानाथ पोखरेल | सदस्य |
| १० | श्री केशव प्रसाद भण्डारी | सदस्य (उ.वा.सं. केन्द्रिय सदस्य) |
| ११ | श्री ज्ञानहरी अर्याल | सदस्य (अध्यक्ष, म.क.दे.मा.वि.) |
| १२ | श्री भविश्वर तिवारी | सदस्य |
| १३ | श्री दिनेश कुमार मल्ल | सदस्य (त्रि.वि.प्रतिनिधि) |
| १४ | श्री बालकृष्ण पंगेनी | आ.सदस्य (सु.न.पा.वार्ड न. ४ अध्यक्ष) |
| १५ | श्री शालिकराम सापकोटा | सदस्य |
| १६ | श्री लक्ष्मी भण्डारी भट्टराई | सदस्य |
| १७ | श्री सुलोचना अर्याल | सदस्य (शिक्षक प्रतिनिधि) |
| १८ | श्री एलिशा बस्याल | सदस्य (सभापति, विद्यार्थी परिषद्) |
| १९ | श्री नारायण प्रसाद ढकाल | सदस्य सचिव |

# महाकवि देवकोटा क्याम्पस
## सुनवल, नवलपरासी

### सल्लाहकार समिति नामावली (२०८०-२०८३)

| क्र.सं. | नाम/थर | पद |
|---|---|---|
| १ | श्री बोधराज घिमिरे | संयोजक |
| २ | श्री सुर्य प्रसाद दुवे | सदस्य (नगर उपप्रमुख, सुनवल नगरपालिका) |
| ३ | प्रा. हुमकान्त पाण्डे | सदस्य |
| ४ | श्री यम प्रसाद ढकाल | सदस्य (संस्थापक संयोजक, क्याम्पस भवन निर्माण समिति) |
| ५ | श्री देवी घिमिरे | सदस्य |
| ६ | श्री जीत बहादुर पौडेल | सदस्य |
| ७ | श्री यज्ञ प्रसाद पाण्डे | सदस्य |
| ८ | श्री रमेश कर्माचार्य | सदस्य |
| ९ | श्री सपना अधिकारी | सदस्य |
| १० | श्री विष्णु प्रसाद न्यौपाने | सदस्य |
| ११ | क्या. गुन बहादुर थापा | सदस्य |
| १२ | ई. ओमनाथ बस्याल | सदस्य |
| १३ | श्री भोजराज भण्डारी | सदस्य |
| १४ | श्री युवराज ढकाल | सदस्य |
| १५ | श्री प्रतिभा कार्की | सदस्य |
| १६ | श्री लिलाधर सापकोटा | सदस्य |




## Programmes Offered (T.U.):

**MBS | BBA | BICTE (Semester Based)**
**BBS | B.Ed. | BA (Annual Based)**

**Proposed Programmes: BHM | BCA | BIM | BIT**

# MAHAKAVI DEVKOTA CAMPUS

**RE-ACCREDITED BY UNIVERSITY GRANTS COMMISSION (UGC), NEPAL, (2080)**

Sunwal, Nawalparasi, Nepal
Tel.: +977-78-570049, 9857046049
E-mail: mdcampus60@gmail.com, info@mdc.edu.np
URL: www.mdc.edu.np






## राष्ट्रिय गान

*सयौं थुङ्गा फूलका हामी, एउटै माला नेपाली*
*सार्वभौम भई फैलिएका, मेची महाकाली ।*

*प्रकृतिका कोटीकोटी सम्पदाको आँचल*
*वीरहरुको रगतले स्वतन्त्र र अटल ।*

*ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल*
*अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ।*

*बहुल जाति, भाषा, धर्म, संस्कृति छन् विशाल*
*अग्रगामी राष्ट्र हाम्रो, जय जय नेपाल ।*

**प्रतिवेदन तयारी उपसमिति**

**संयोजक** : श्री विष्णुप्रसाद पौडेल

**सदस्यहरू** : श्री भविश्वर तिवारी

: श्री उमानाथ पोखरेल

: श्री नारायणप्रसाद ढकाल

श्री हरिदत्त शर्मा

**सल्लाहकार**

**संयोजक** : श्री थानप्रसाद गैरे

**सदस्यहरू** : श्री अर्जुनकुमार पोखरेल

श्री विमला अर्याल

श्री केशवप्रसाद भण्डारी

श्री ज्ञानहरी अर्याल

**प्रतिवेदनको अनुमोदन मितिः** २०८१/०७/०७
(म.क.दे.क्या.सञ्चालक समितिद्वारा)

**कम्प्युटर ले-आउट** : अमृता पौडेल

**मुद्रण** : परफेक्ट प्रिन्ट, बुटवल #९८४७१३७०९५

# सारांश (Executive Summary)

बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला अन्तर्गत सुनवल नगरपालिका वडा नं.४ मा अवस्थित महाकवि देवकोटा क्याम्पस यस क्षेत्रको अग्रणी शैक्षिक संस्था हो । पूर्व पश्चिम राजमार्ग (महेन्द्र राजमार्ग) देखि करिब १०० मिटर उत्तरमा रहेको यो क्याम्पस यस क्षेत्रका बुद्धिजीवी, उद्योगपति, व्यापारी, शिक्षा प्रेमीहरूको उच्च शिक्षा प्रतिको चिन्तन, लगाव र चासोकै कारण स्थापित तथा सञ्चालित छ । स्थानीय समुदायको सक्रियता र लगानीमा स्थापित तथा सञ्चालित यो क्याम्पस गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था हो । यस क्षेत्रमा उच्चशिक्षा प्रदान गर्ने शैक्षिक संस्थाहरू अभावका कारण तत्कालीन समयमा विद्यार्थीहरूले भोग्नु परेका अनेकन कठिनाइहरूलाई मध्यनजर गर्दै स्थानीय स्तरमा नै उच्चशिक्षा प्रदान गर्ने उद्देश्यले वि.सं. २०६० सालमा त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी क्याम्पस विधिवत रूपमा स्थापना भएको थियो । महाकवि देवकोटा माध्यमिक विद्यालयको भवनबाट सञ्चालन प्रारम्भ गरिएको यो क्याम्पस, हाल आफ्नै भवन निर्माण गरी सञ्चालित छ ।

यस क्याम्पसले वि.सं.२०७४ सालमा लुम्बिनी प्रदेशमा दोस्रो साथै नेपालमा अठारौं नम्बरमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्न सफल भएको छ । प्रत्येक पाँच वर्षमा उक्त प्रमाणपत्र पुनः प्राप्त गर्नु पर्ने प्रावधान अनुसार वि.सं. २०८० सालमा नेपालमा एघारौं नम्बरमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र नविकरण गर्न सफल भई गुणस्तरीय शिक्षा प्रदान गर्ने एक अब्बल सामुदायिक क्याम्पसको रूपमा परिचित भएको छ । (QAA) प्रमाणपत्र प्राप्त भए पश्चात् क्याम्पसले भौतिक तथा शैक्षिक क्षेत्रमा गुणात्मक सफलता प्राप्त गर्दै आएको छ । (QAA) प्रमाणपत्र प्राप्तिसंगै क्याम्पसले वि.सं.२०७५ मा वर्तमान समयको निकै आकर्षक BBA कार्यक्रम सञ्चालन सम्बन्धन प्राप्त गरी वि.सं. २०७९ मा थप सेक्सन प्राप्त गर्न सफल भएको छ । स्थानीय समुदायका विद्यार्थीहरूलाई प्राविधिक शिक्षा प्रदान गर्ने उद्देश्यले वि.सं. २०७८ मा BICTE कार्यक्रम साथै MBS कार्यक्रम सञ्चालन अनुमति समेत प्राप्त गरिसकेको छ । यी कार्यक्रमहरूको सञ्चालनसँगै क्याम्पसको चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुगेको छ ।

यस क्याम्पसले विश्वविद्यालय अनुदान आयोग (UGC, Nepal) द्वारा सञ्चालित उच्च शिक्षा सुधार योजना (HERP) साथै (NEHEP)मा छनौट हुन सफल भए पश्चात् क्याम्पसमा व्यापक संस्थागत सुधारहरू भएका छन् । स्थापनाको छोटै अवधिमा पनि क्याम्पसले भौतिक पक्षतर्फ सन्तोषजनक उपलब्धि हाँसिल गरेको छ । जस्तै क्याम्पसको मुख्य भवनमा तला थप हुनु, Semester Based का कार्यक्रमहरू सञ्चालन गर्न नयाँ भवन निर्माण हुनु, त्यसमा पनि तला थप हुनु, गुणस्तरीय खानेपानीको व्यवस्था, जेनेरेटरको व्यवस्था, 4 Phase Line संगै ट्रान्समिटरको व्यवस्था, राजमार्गबाट क्याम्पससम्म पुग्ने १०० मिटर बाटो कालो पत्रे क्याम्पस प्राङ्गणमा पार्किङ टायल, दुई वटा पार्किङ, बास्केटबल कोर्ट, क्याम्पसको कम्पाउण्ड वाल पुरा, बरण्डामा टायल आदि जस्ता नयाँ विकासात्मक कार्यहरू भएका छन् । भौतिक पक्षमा मात्रै नभएर क्याम्पसले प्राविधिको प्रयोगमा पनि आशातीत सफलता प्राप्त गरेको छ । नयाँ Management Software, Webpage, कम्प्यूटर, ल्यापटप, प्रोजेक्टर, स्मार्ट बोर्ड, प्रिन्टर, फोटोकपि मेशिन, इन्टरनेट जडान तथा सुविधा थप आदि जसले गर्दा क्याम्पसमा अध्ययन अध्यापन कार्य थप प्रभावकारी भएको छ ।

वर्तमान समयमा क्याम्पसले वार्षिक प्रणालीतर्फ BBS, B.Ed. र BA साथै सेमेस्टर प्रणालीतर्फ MBS, BBA र BICTE जस्ता कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । क्याम्पसमा सञ्चालित कार्यक्रमहरू मध्ये व्यवस्थापन सङ्काय स्नातकोत्तर तह (MBS) तर्फ शैक्षिकसत्र २०७८/०७९ मा ३२ जना विद्यार्थी भर्ना भएकोमा शैक्षिकसत्र २०७९/०८० मा २३ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने शैक्षिकसत्र २०८०/०८१ मा ३३ जना विद्यार्थी भर्ना भएको देखिन्छ । व्यवस्थापन सङ्काय स्नातक तह (BBA) तर्फ शैक्षिकसत्र २०७८/०७९ मा २८ जना विद्यार्थी भर्ना भएकोमा शैक्षिकसत्र २०७९/०८० मा ३८ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने शैक्षिकसत्र २०८०/०८१ मा ३० जना विद्यार्थी भर्ना भएको देखिन्छ । शिक्षाशास्त्र सङ्काय स्नातक तह (BICTE) तर्फ शैक्षिकसत्र २०७८/०७९

मा सम्बन्धन केही ढिलो प्राप्त भएको हुनाले ८ जना विद्यार्थी भर्ना भएकोमा शैक्षिकसत्र २०७९/०८० मा २० जना विद्यार्थी भर्ना भएको देखिन्छ भने शैक्षिकसत्र २०८०/०८१ मा आवश्यक सङ्ख्यामा विद्यार्थी भर्ना नभएको हुनाले प्रथम सेमेस्टरको कक्षा सञ्चालन भएको देखिदैन। व्यवस्थापन सङ्काय स्नातक तह (BBS) तर्फ विद्यार्थी भर्ना दरमा निरन्तर रूपमा उल्लेख्य वृद्धि भएको देखिन्छ। शैक्षिकसत्र २०७८/०७९ मा ६१४ जना विद्यार्थीहरू भर्ना भएकोमा उक्त सङ्ख्या बढेर शैक्षिकसत्र २०७९/०८० मा ८०२ पुगेको छ भने शैक्षिकसत्र २०८०/०८१ मा उक्त सङ्ख्यामा थप वृद्धि भई ८०७ पुगेको छ। यसलाई निकै उत्साहजनक मान्न सकिन्छ। त्यसैगरी शिक्षाशास्त्र सङ्काय स्नातक तह (B.Ed.) तर्फ शैक्षिकसत्र २०७८/०७९ मा २९२ जना विद्यार्थी भर्ना भएकोमा शैक्षिकसत्र २०७९/०८० मा उक्ता सङ्ख्या केही मात्रामा बढेर २९९ भएको छ भने शैक्षिकसत्र २०८०/०८१ मा उक्ता सङ्ख्या केही मात्रामा घटेर २८६ भएको छ। वर्तमान समयमा यसलाई सामान्य मान्न सकिन्छ। वर्तमान समयमा देशभरीनै विद्यार्थीहरु वैदेशिक अध्ययन तथा रोजगारको लागि जाने अवस्था रहेको हुनाले उक्त सङ्ख्या थपघट भएको हो। त्यसै गरी मानविकी सङ्काय स्नातक तह (BA) तर्फ विद्यार्थी सङ्ख्या शैक्षिकसत्र २०७८/०७९ मा ११ जना रहेकोमा शैक्षिकसत्र २०७९/०८० मा उक्त सङ्ख्या घटेर ६ पुगेको छ भने शैक्षिकसत्र २०८०/०८१ मा सो सङ्ख्या बढेर १२ पुगेको भएता पनि विद्यार्थी सङ्ख्या न्यून भएको कारणले यो कार्यक्रमको निरन्तरतामा समस्या पुगेको छ।

आ.व. २०७८/०७९ मा रु. ४००३६६७१.३६/- क्याम्पसको आम्दानी रहेकोमा सो आम्दानी वृद्धि भई आ.व. २०७९/०८० मा रु. ४४८७२६१२.९६ /- पुगेको देखिन्छ भने आ.व. २०८०/०८१ मा उक्त आम्दानीमा थप वृद्धि भई रु. ५३३६४८२१/- पुगेको देखिन्छ। खर्च तर्फ पनि आ.व. २०७८/०७९ मा रु.४१९३७६५९.६०/- खर्च भएकोमा सो खर्च बढेर आ.व. २०७९/०८० मा रु. ४३६२७९९९.९४ /- पुगेको देखिन्छ भने आ.व. २०८०/०८१ मा उक्त खर्चमा थप वृद्धि भई रु.४८९९५६६७/- पुगेको देखिन्छ। क्याम्पसको वार्षिक लेखा परीक्षण प्रतिवेदनबाट प्राप्त भएका सुझावलाई क्षमता अनुरुप सम्बोधन गर्दै आइरहेको पनि यस वर्षको कार्य प्रगतिमा प्रष्ट देखिन्छ।

आफ्नो स्थापना कालदेखि नै समाजका सामाजिक गतिविधिहरूमा संलग्न हुदै आएको यस क्याम्पसलाई स्थानीय समाजका विभिन्न व्यक्तित्वहरूको सहयोग अतुलनीय रहेको छ। समाजको उपस्थितिलाई व्यवस्थित बनाउने र सामाजिक सम्पत्तिका रूपमा स्थापित गर्न क्याम्पसले विभिन्न निर्णय, नीति निर्माण आदिमा समाजको उच्च उपस्थिति गराउँदै आइरहेको छ। क्याम्पसमा समाजका सदस्यहरूलाई क्याम्पस संरक्षक, क्याम्पस आजीवन सदस्य, अक्षयकोष दाता एवं अन्य पक्षबाट उपस्थित गराइ समग्र विकासमा समाजको संलग्नता गराइँदै आइएको छ। विभिन्न उद्योग, व्यवसाय, संघ–संस्थामा क्याम्पसबाट उत्पादित जनशक्तिलाई रोजगारीका लागि पहल गर्दै संघ संस्थालाई पनि क्याम्पस परिवारमा समावेश गराउने योजनाका साथ अगाडि बढिरहेको छ। समाजप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न क्याम्पसले पनि यहाँ अध्ययन गर्ने विद्यार्थीहरूलाई विभिन्न सामाजिक कार्यहरूमा सहभागी गराउँदै आएको छ। समाजका नागरिकहरूलाई स्वस्थ राख्न विभिन्न समयमा स्वास्थ्य परीक्षण शिविर सञ्चालन गर्दै आइरहेको छ। समाजमा सञ्चालन हुने उत्सव, मेला, यज्ञ, पूजापाठ, विवाह, व्रतबन्ध, मृत्युसंस्कार, बाटोघाटो बनाउने, मन्दिर निर्माण तथा सरसफाई जस्ता सामाजिक कार्यक्रमहरूमा सहभागी भएर समाजप्रतिको आफ्नो उत्तरदायित्व निर्वाह गर्दै आएको छ। आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई उपचारको लागि आर्थिक सहयोग गर्दै आएको छ। विकासका लागि प्रयास गर्दागर्दै पनि यस क्याम्पसमा विभिन्न पक्षबाट अल्पकालीन एवं दीर्घकालीन समस्याहरू आइपरेका देखिन्छन्। क्याम्पसको गुणस्तर मापन गराइ QAA प्रमाण-पत्र प्राप्त गरे पश्चात् क्याम्पसले BBA दुई सेक्सन, MBS र BICTE कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरिसकेको छ भने यस्तै अन्य नयाँ-नयाँ एवं बजारमुखी विषयहरूको सम्बन्धन ल्याई आर्थिक रूपमा सवल हुने प्रयासमा क्याम्पस अगाडि बढीरहेको छ।

क्याम्पसले चालु आ.व. २०८१/०८२ का लागि तयार पारेको बजेटमा रु.६०३३८२५०/- को आर्थिक कारोबार हुने योजना रणनैतिक योजनाका साथ अघि सारेको छ। यसरी हेर्दा क्याम्पसले पञ्चवर्षे रणनैतिक योजनाका साथ तयार पारेको वार्षिक कार्यक्रमका लागि निर्धारित स्रोतको प्रर्याप्तता भएको खण्डमा क्याम्पस विकासको अग्रपंक्तिमा पुग्ने कुरामा दुई मत नै छैन।

# विषयसूची


| क्र.सं. | विषयवस्तु | पेज नं. |
|---|---|---|
| १. | पृष्ठभूमि (Background) | १ |
| २. | Programs | २ |
| ३. | Academic Progress | ५ |
| ४. | Physical Progress | १० |
| ५. | Financial Progress | ११ |
| ६. | Social Progress | १३ |
| ७. | समस्या एवम् चुनौतीहरू (Issues and Challenges) | १६ |
| ८. | Annual Work Plan and Budget of the Current Fiscal Year | १८ |
| ९. | Projected Annual Work Plan and Budget of the Three Fiscal Years | २२ |
| १०. | (QAA) Re-Accredited Process | २४ |
| ११ | उद्यमशीलता विकास कार्यक्रम (ESP) | २५ |
| १२ | क्याम्पस अन्तर्गतका विभिन्न सङ्काय तथा शाखाहरू | २८ |
| १३ | विद्यार्थीको नेतृत्व विकास सम्बन्धी विभिन्न समूहहरु | ३१ |
| १४ | क्याम्पसले आ.व.२०८०/०८१ मा गरेका विभिन्न कार्यक्रमहरू | ३२ |
| १५ | क्याम्पस संरक्षकहरूको नामावली | ५१ |
| १६ | क्याम्पस आजीवन सदस्यहरूको नामावली | ५२ |
| १७ | क्याम्पस अक्षय कोषदाताहरूको नामावली | ५६ |
| १८ | Mahakavi Devkota Campus Staff List | ५७ |
| १९ | प्रश्नावली | ५९ |


# 1. Background

वि.सं.२०६० मा त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन सम्बन्धन प्राप्त गरी स्थापित र सञ्चालित महाकवि देवकोटा क्याम्पस स्थानीय स्तरमा गुणस्तरीय शिक्षा उपलब्ध गराउने लक्ष्यलाई पछ्याउँदै अगाडि बढेको शैक्षिक संस्था हो। दक्ष र प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी स्थानीय क्षेत्र र समग्र देशकै विकासमा महत्वपूर्ण योगदान पुऱ्याउने लक्ष्यका साथ लुम्बिनी प्रदेश अन्तर्गत भगवान् गौतम बुद्धको जन्मस्थल, पावन भूमि लुम्बिनी क्षेत्रभित्र पर्ने बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्लामा अवस्थित ऐतिहासिक "मायादेवी पोखरी", "रामग्राम स्तुप" र प्राचिन कोलीय राज्यको राजधानी "देवदह" नजिकैको पावन भूमि सुनवल नगरपालिका वडा नं. ४ रमवापुरमा स्थापित यो क्याम्पसले वर्तमान समय सापेक्ष गुणस्तरीय शिक्षा प्रदान गर्दै आइरहेको छ। जनसहभागितामा सञ्चालित मुनाफारहित सामुदायिक क्याम्पसका रूपमा परिचित यो क्याम्पसले आफ्नो स्थापना कालदेखि नै निरन्तर रूपमा गुणस्तरीय शिक्षा प्रदान गर्दै आएको छ।

अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ अगाडि बढिरहेको यो क्याम्पस लुम्बिनी प्रदेश कै शैक्षिक विकासको कोशेढुङ्गा बन्दै गइरहेको छ। यस क्याम्पसको विकासका लागि यस क्षेत्रका व्यापारी, उद्योगपति, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमीहरूको अमूल्य सहयोग निरन्तर भै रहेको छ। विद्यार्थीहरूको चौतर्फी विकास एंवम् सर्वाङ्गीण उन्नतिको लागि समय सापेक्ष अनुसन्धानमुखी वैज्ञानिक शिक्षण विधि, आधुनिक व्यवस्थापन र प्रविधिको प्रयोगलाई यस क्याम्पसले जोड दिँदै आएको छ। सहरोन्मुख ग्रामीण क्षेत्रमा सञ्चालित यस क्याम्पसले विभिन्न क्षेत्रमा पछाडि परेका वर्ग, जाति, समुदाय आदिका व्यक्तिहरूलाई विभिन्न आन्तरिक तथा बाह्य छात्रवृत्ति मार्फत् उच्च शिक्षाको पहुँचमा उल्लेख्य सुधार गर्दै आएको छ। आधुनिक शिक्षणविधिको प्रयोग गरेर विद्यार्थी केन्द्रीत शिक्षणमा जोड दिएको यो क्याम्पसले दक्ष एवं प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी राष्ट्र विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ।

स्थानीय स्तरमा गुणस्तरीय शिक्षा प्रदान गर्ने लक्ष्यका साथ अगाडि बढी रहेको यस क्याम्पसले मिति २०७४ मंसिरमा विश्वविद्यालय अनुदान आयोगद्वारा प्रदान गरिने गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गरिसकेको छ। प्रत्येक पाँच वर्षमा उक्त प्रमाणपत्र पुनः प्राप्त गर्नुपर्ने प्रावधान अनुसार वि.सं. २०८० मा नेपालमा नै ११औं नम्बरमा गुणस्तर सुनिश्चितता तथा पत्यायान (QAA) प्रमाणपत्र प्राप्त गर्न सफल भएको छ। अन्तर्राष्ट्रिय शैक्षिक गुणस्तर परीक्षण प्रमाणपत्र प्राप्तिसँगै यस क्याम्पसको समग्र विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ। क्याम्पसले वि.सं. २०७५ पुसमा सबैको साथ र सहयोगबाट वर्तमान समयको निकै आकर्षक (BBA) कार्यक्रम प्राप्त गरिसकेको छ भने वि.सं.२०७९ मा BBA थप सेक्सन प्राप्त गर्न सफल भएको छ। वि.सं. २०७८ श्रावणमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्काय अन्तर्गतको स्नातकोत्तरतहको MBS कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरिसकेको छ। त्यसै गरी वि.सं. २०७८ चैत्रमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय अन्तर्गतको BICTE कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरेको छ। QAA प्रमाण पत्र प्राप्त भएसंगै क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि, भौतिक सुविधा वृद्धि, अनुसन्धान, प्रकाशन, विद्यार्थी संख्यामा वृद्धि, शिक्षक कर्मचारीहरूको पेशागत विकास आदिमा उल्लेख्य प्रगति भएको छ। अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डहरूलाई पछ्याउने क्रममा संस्था हरेक हिसाबले स्वस्थ बन्दै गएको छ। साथै विश्वविद्यालय अनुदान आयोगद्वारा सञ्चालित उच्च शिक्षा सुधार कार्यक्रम (HERP) र (Nurturing Program NEHEP) अन्तर्गत यस क्षेत्रबाट लगातार छनौट हुन सफल भई सबै आ.व.का खरिद तथा निमार्णका कार्यक्रम पनि सम्पन्न गरिसकेको छ।

## 2. PROGRAMS




**BBA**

Bachelor of Business Administrative is an undergraduate program offered by Tribhuvan University, under the Faculty of Management. It is a 4 year semester based program spreading over 8 semesters covering a total 120 credit hours. Its ultimate objective of educating students for professional pursuits in business, industry and government. It is further dedicated to contributing to an increase in the knowledge and understanding of business and public administration. Its aim to develop a networking with management institutes in the country and abroad to exchange new knowledge, technology, and methods of achieving higher level efficiency in management of business and public entities. It also aims to continuously innovate and promote cost-effective, socially relevant, modern technology based educational programs in Nepal.

**The specific objectives of this program are:**

- Prepare students to take-up middle level managerial positions in the business sector.
- Develop students' skills in object-oriented business management capable of understanding and solving practical business problems creatively.
- Provide professional management education with a blend of computer and management information system courses.
- Prepare students to proceed onto post graduate level study in business administration.

**Class Hours :** 11:00 am to 4:00 pm

**BBS**

It is a 4 year programme offered and controlled by the Faculty of Management (FoM), Tribhuwan University, Kirtipur, Kathmandu, Nepal. The objectives of the BBS programme are to develop students into competent managers for any sector of organized activity. The

programme is based on the principles that graduates will spend a major portion of their life in a constantly changing environment. The student should have an opportunity to obtain a broad knowledge of the concepts and reality-based skills underlying the operation and management of organizations.

**English Medium**

**Nepali Medium**

**Major Subject:** Accountancy, Finance, Marketing

**Class Hours:** 6:00 am to 9:50 am

**B.Ed.**

Faculty of Education (FoE) is the leading institution in the field of teacher education in the country. Through its different programmes viz. B.Ed 4 year, FoE produces teachers, teacher educators/trainers and all sorts of human resources needed for the educational sector of the country.

→**Major Subject:** English, Nepali (**Minor Subject:** Population)

**Class Hours:** 6:00 am to 10:30 am

**BA**

It is a 4 year programme under the management of the faculty of Humanities and social science(FoHSS). It aims to produce specialized human resource on the area of humanities, social science, fine arts and computer application. MDC runs course of English literature, Nepali Literature and Rural Development.

**BICTE**

Bachelor of Information Communication Technology Education (BICTE) is an undergraduate program offered by Tribhuvan University, under the Faculty of Education. It is a 4-year semester-based program spreading over 8 semesters covering a total of 138 credit hours, which includes 12 credit hours for communication skills courses, 24 credit hours for educational core courses, 60 credit hours for specialization major subjects, 30 credit hours for minor subjects and 9 credit hours for teaching internship/practicum.

BICTE is a bachelor's degree program introduced to make students familiar with modern education systems and computer science, along with the use of information and communication technology focusing on subjects like Information Technology, Programming, Psychology, Fundamental and technology in Education, Java Programming Language, Database Management System, Data Communication, and Artificial Intelligence.

**The BICTE program specifically aims to:**

- To prepare students for higher studies like master's level programs in the area of Education, Information Communication Technology, or other related fields.

- To provide students with better and more extensive learning about Computer Science and Information Communication Technology concepts like Programming, Algorithms, Database Management Systems, Management Information systems, Data structures, Computer Graphics, Cyberlaw, Artificial intelligence, and other BICT-related subjects.
- To prepare successful BICT graduates to build their career in their interested field or BICT-related field such as a Computer Teacher at Higher Level, Software Application Developer, System Administrator, Web Programmer, Database Administrator, Web Developer, Network Administrator, etc.
- Encourage entrepreneurial capabilities in students to make them effective change agents in Nepalese society.
- To develop proficient and passionate human resources outfitted with information technology skills, both qualitative and quantitative for application in the development of the education sector.
- To help students to improve their intellectual and analytical abilities, decision-making, and leadership to carry out, analyze and execute plans and policies for the overall development of the education sector using the ideas of information technology.

**Class Hours:** 11:00 am to 4:00 pm

**Required documents for all faculties :** Photo – (4pcs PP size) Transcript, Character Certificate, Original Provisional & Migration Certificate.

**MBS**

Mahakavi Devkota Campus has launched Masters of Business Studies (MBS), one of the most sought degrees in Nepal, in 2078 B.S. in order to address the interests of growing number of students for business studies in master level. The objective of this programme is to enable the students to work as competent managers and to meet the demand of higher level managers in organizations, particularly in the functional areas of management.

**The MBS programme specifically aims to:**

- Equip students with required conceptual knowledge of business and management.
- Prepare managers in the functional areas of management.
- Develop knowledge and skill of business environment in national and international perspective.
- Encourage entrepreneurial capabilities in students to make them effective change agents in the Nepalese society.
- Develop research capability to the students.
- Prepare foundation for advanced studies and research activities in management sector.

**Class Hour :** 6:00 am to 9:00 am

# 3. Academic Progress: Enrolment Trend Analysis of the Last Three Years

| Year | 2078/079 | | | | | | | 2079/080 | | | | | | | 2080/081 | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | D | M | O | Total | Male | Female | EDJ | D | M | O | Total | Male | Female | EDJ | D | M | O | Total |
| **BBS** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 92 | 133 | 41 | 14 | 16 | 154 | **225** | 51 | 86 | 29 | 3 | 14 | 73 | **137** | 116 | 126 | 20 | 10 | 33 | 181 | **242** |
| 2nd | 80 | 130 | 35 | 6 | 16 | 153 | **210** | 104 | 238 | 54 | 13 | 33 | 192 | **342*** | 49 | 112 | 29 | 9 | 23 | 100 | **161** |
| 3rd | 41 | 76 | 23 | 4 | 6 | 84 | **117** | 61 | 102 | 19 | 7 | 12 | 104 | **163** | 76 | 184 | 29 | 15 | 39 | 177 | **260*** |
| 4th | 19 | 43 | 11 | 4 | 1 | 46 | **62** | 57 | 103 | 9 | 5 | 12 | 92 | **160** | 53 | 91 | 7 | 3 | 11 | 82 | **144** |
| **Total** | **232** | **382** | **110** | **28** | **39** | **437** | **614** | **273** | **529** | **111** | **28** | **71** | **461** | **802** | **294** | **513** | **85** | **37** | **106** | **540** | **807** |
| **B.Ed.** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 16 | 81 | 32 | 3 | 4 | 58 | **97** | 3 | 30 | 6 | 1 | 7 | 14 | **33** | 10 | 52 | 11 | 1 | 9 | 41 | **62** |
| 2nd | 12 | 84 | 25 | 6 | 4 | 61 | **96** | 12 | 113 | 29 | 8 | 6 | 71 | **125*** | 5 | 46 | 17 | 7 | 6 | 21 | **51** |
| 3rd | 5 | 35 | 11 | 2 | 1 | 26 | **40** | 11 | 73 | 9 | 4 | 3 | 46 | **84** | 13 | 109 | 26 | 2 | 13 | 81 | **122*** |
| 4th | 7 | 52 | 12 | 1 | - | 46 | **59** | 10 | 47 | 8 | 4 | 3 | 36 | **57** | 8 | 43 | 6 | 3 | 3 | 39 | **51** |
| **Total** | **40** | **252** | **80** | **12** | **9** | **191** | **292** | **36** | **263** | **52** | **17** | **19** | **167** | **299** | **36** | **250** | **60** | **13** | **31** | **182** | **286** |
| **BA** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 4 | 1 | - | - | - | - | **5** | - | - | - | - | - | - | - | 10 | 4 | 1 | 1 | 2 | 10 | **14** |
| 2nd | 4 | 1 | 1 | - | - | 4 | **5** | 4 | 1 | 1 | - | - | 4 | **5** | 4 | 2 | 2 | - | 1 | 3 | **6** |
| 3rd | 1 | - | 1 | - | - | - | **1** | 1 | - | 1 | - | - | - | **1** | 3 | 2 | 1 | - | - | 4 | **5** |
| 4th | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 1 | - | 1 | - | - | - | **1** |
| **Total** | **9** | **2** | **q** | - | - | **4** | **11** | **5** | **1** | **2** | - | - | **4** | **6** | **18** | **8** | **5** | **1** | **3** | **17** | **26** |
| **BBA** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem | 7 | 21 | 4 | 1 | 1 | 1 | **28** | 10 | 28 | 1 | 1 | - | 36 | **38** | 7 | 23 | 2 | - | 1 | 27 | **30** |
| 2nd Sem | - | - | - | - | - | - | - | 6 | 20 | 4 | 1 | 1 | 20 | **26** | 9 | 28 | 1 | 1 | - | 35 | **37** |
| 3rd Sem | 8 | 21 | - | 1 | 2 | 1 | 29 | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| 4th Sem | 11 | 19 | 3 | - | 3 | 1 | **30** | 8 | 21 | - | - | 2 | 27 | **29** | 6 | 20 | 4 | 1 | 1 | 20 | **26** |
| 6th Sem | 1 | 3 | - | - | 1 | - | 4 | 12 | 17 | 2 | - | 3 | 24 | 29 | 8 | 21 | - | - | 2 | 27 | **29** |
| 8th Sem | - | - | - | - | - | - | - | 1 | 3 | - | - | 1 | - | **4** | 12 | 17 | 2 | - | 3 | 24 | **29** |
| **Total** | **27** | **64** | **7** | **2** | **7** | **3** | **91** | **37** | **89** | **7** | **2** | **7** | **107** | **126** | **42** | **109** | **9** | **2** | **7** | **133** | **151** |
| **BICTE** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem | 4 | 4 | 1 | 1 | - | 6 | 8 | 8 | 12 | - | 1 | 2 | 17 | **20** | - | - | - | - | - | - | - |
| 3rd Sem | - | - | - | - | - | - | - | 4 | 4 | 1 | 1 | - | 6 | 8 | 8 | 12 | - | 1 | 2 | 17 | **20** |
| 4rd Sem | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 4 | 4 | 1 | 1 | - | 6 | **8** |
| Total | 4 | 4 | 1 | 1 | - | 6 | 8 | 12 | 16 | 1 | 2 | 2 | 23 | 28 | **12** | **16** | **1** | **2** | **2** | **23** | **28** |
| **MBS** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem | 10 | 22 | 1 | - | 4 | 22 | 32 | 13 | 10 | - | - | 3 | 20 | **23** | 12 | 21 | 2 | 1 | 1 | 27 | **33** |
| 3rd Sem | - | - | - | - | - | - | - | 7 | 15 | 2 | - | 3 | 17 | 22 | 10 | 9 | - | - | 3 | 16 | **19** |
| 4rd Sem | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 7 | 15 | 2 | - | 3 | 17 | **22** |
| Total | 10 | 22 | 1 | - | 4 | 22 | 32 | 20 | 25 | 2 | - | 6 | 37 | 45 | 29 | 45 | 4 | 1 | 7 | 60 | **74** |
| **G.T.** | | | | | | | **1048** | | | | | | | **1306** | | | | | | | **1372** |

*स्रोत: MDC, EMIS शाखा*

माथि प्रस्तुत गरिएको तथ्याङ्कको विश्लेषण गर्दा शैक्षिकसत्र २०७८/०७९ मा क्याम्पसमा जम्मा १०४८ जना विद्यार्थी रहेकोमा शैक्षिकसत्र २०७९/०८० मा उक्त सङ्ख्या बढेर १३०६ भएको देखिन्छ भने शैक्षिकसत्र २०८०/०८१ मा उक्त सङ्ख्यामा थप वृद्धि भई १३७२ पुगेको छ प्रस्तुत तथ्य हेर्दा क्याम्पसमा स्नातक तह अध्ययनको लागि भर्ना हुने विद्यार्थीहरूको सङ्ख्यामा उत्साहजनक रूपमा वृद्धि हुँदै आएको देखिन्छ।

व्यवस्थापन सङ्काय स्नातक तह (वि.वि.एस.) तर्फ शैक्षिकसत्र २०७८/०७९ मा ६१४ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा ८०२ र शैक्षिकसत्र २०८०/०८१ मा ८०७ जना विद्यार्थी भर्ना भएको देखिन्छ। यसरी हेर्दा व्यवस्थापन सङ्काय (वि.वि.एस.) तर्फ विद्यार्थी भर्नादर निरन्तर रुपले वृद्धि हुँदै आएको देखिन्छ। शिक्षाशास्त्र सङ्काय स्नातक तह (वि.एड.) तर्फ हेर्दा शैक्षिकसत्र २०७८/०७९ मा २९२ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा २९९ जना विद्यार्थी भर्ना भएको देखिन्छ भने शैक्षिकसत्र २०८०/०८१ मा उक्त सङ्ख्या २८६ पुगेको देखिन्छ यसरी शिक्षाशास्त्र सङ्काय (वि.एड.) तर्फ शैक्षिकसत्र २०७८/०७९ को तुलनामा शैक्षिकसत्र २०७९/०८० मा विद्यार्थी भर्ना सङ्ख्या केही मात्रामा बढेको भएता पनि शैक्षिकसत्र २०८०/०८१ मा भने विद्यार्थी भर्ना सङ्ख्या केही मात्रामा घटेको देखिन्छ।

मानविकी सङ्काय स्नातक तह (वि.ए.) तर्फ शैक्षिकसत्र २०७८/०७९ मा ११ जना विद्यार्थी भर्ना भएकोमा त्यस पछिको शैक्षिकसत्रमा उक्त सङ्ख्या घटेर ६ पुगेको देखिन्छ भने शैक्षिकसत्र २०८०/०८१ मा सो सङ्ख्यामा बढेर १२ पुगेको देखिन्छ। यसरी हेर्दा शैक्षिकसत्र २०७८/०७९ को तुलनामा शैक्षिकसत्र २०७९/०८० मा विद्यार्थी सङ्ख्या केही मात्रामा घटेको भएता पनि शैक्षिकसत्र २०८०/०८१ मा भने विद्यार्थी सङ्ख्या बढेको देखिन्छ तर पनि आवश्यक मात्रामा विद्यार्थी सङ्ख्या नभएको हुनाले यो सङ्कायको निरन्तरतामा समस्या खडा हुन पुगेको छ।

## Pass Rate Trend Analysis of the Last Three Years (Annual System)

| Year | 2078/079 | | | | | | | 2079/080 | | | | | | | 2080/081 | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| BBS | M | F | EDJ | M | D | O | Total | M | F | EDJ | M | D | O | To-tal | M | F | EDJ | M | D | O | Total |
| 1st | 13 | 13 | - | 6 | 1 | 2 | **26** | 5 | 23 | 7 | 2 | 1 | 18 | **28** | 5 | 22 | 4 | 3 | - | 20 | **27** |
| 2nd | 24 | 22 | 2 | 7 | 3 | 4 | **46** | 15 | 17 | 9 | 3 | 2 | 18 | **32** | - | - | - | - | - | - | **-** |
| 3rd | 22 | 28 | 1 | 4 | 0 | 7 | **50** | 21 | 21 | 10 | 2 | 3 | 27 | **42** | 12 | 19 | 3 | 2 | 2 | 24 | **31** |
| 4th | 25 | 25 | - | 10 | 2 | 7 | **50** | 29 | 43 | 15 | 4 | 7 | 46 | **72** | - | - | - | - | - | - | **-** |
| **Total** | **84** | **88** | **3** | **27** | **6** | **20** | **172** | **70** | **104** | **41** | **11** | **13** | **109** | **174** | **17** | **41** | **7** | **5** | **2** | **44** | **58** |
| **B.Ed.** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st | 4 | 12 | - | 2 | 1 | 4 | **16** | 4 | 12 | 6 | 2 | 1 | 7 | **16** | 1 | 4 | 2 | - | - | 3 | **5** |
| 2nd | 2 | 10 | 1 | 2 | 0 | 1 | **12** | 2 | 19 | 8 | 2 | 2 | 9 | **21** | 2 | 19 | 5 | 2 | - | 14 | **21** |
| 3rd | 3 | 25 | 4 | 1 | 1 | 7 | **28** | 1 | 7 | 2 | - | 2 | 4 | **8** | 1 | 7 | 1 | 1 | - | 6 | **8** |
| 4th | 5 | 26 | - | 2 | 2 | 10 | **31** | 2 | 9 | 2 | 1 | - | - | **11** | - | - | - | - | - | - | **-** |
| **Total** | **14** | **73** | **5** | **7** | **4** | **22** | **87** | **9** | **47** | **18** | **5** | **5** | **20** | **56** | **4** | **30** | **8** | **3** | **-** | **23** | **34** |
| **BA** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st | - | 1 | - | - | - | 1 | **1** | - | - | - | - | - | - | **-** | - | - | - | - | - | - | **-** |
| 2nd | 1 | 1 | - | - | - | 1 | **2** | - | - | - | - | - | - | **-** | - | - | - | - | - | - | **-** |
| 3rd | 1 | 1 | - | - | - | - | **2** | - | - | - | - | - | - | **-** | 1 | - | 1 | - | - | - | **1** |
| **Total** | **2** | **3** | **-** | **-** | **-** | **1** | **5** | **-** | **-** | **-** | **-** | **-** | **-** | **-** | **1** | **-** | **1** | **-** | **-** | **-** | **1** |

*स्रोत: MDC, EMIS शाखा*

## Pass Rate Trend Analysis of the Last Three Years (Semester System)

| Year | 2078/079 | | | | | | | 2079/080 | | | | | | | 2080/081 | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | M | F | EDJ | M | D | J | Total | M | F | EDJ | M | D | J | Total | M | F | EDJ | M | D | O | Total |
| **BBA** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem. | 6 | 11 | - | 2 | - | 1 | **17** | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - |
| 2nd Sem. | 8 | 13 | 4 | 4 | - | 1 | **21** | - | - | - | - | - | - | - | 9 | 28 | 1 | - | 1 | 35 | **37** |
| 3rd Sem. | - | - | - | - | - | - | - | 7 | 20 | - | 2 | - | 1 | **27** | 5 | 20 | 4 | 1 | 1 | 19 | **25** |
| 4th Sem. | 1 | 3 | - | 1 | - | - | **4** | 12 | 17 | 3 | 3 | - | 1 | **29** | 7 | 21 | - | 2 | - | 26 | **28** |
| 5th Sem | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 8 | 20 | - | 2 | - | 26 | **28** |
| 7th Sem | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 12 | 17 | 2 | 3 | - | 24 | **29** |
| 8th Sem | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 1 | 3 | - | 1 | - | - | **4** |
| Total | 15 | 27 | 4 | 7 | - | 2 | **42** | 19 | 37 | 3 | 5 | - | 2 | **56** | 42 | 109 | 7 | 9 | 2 | 130 | **151** |
| **BICTE** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem. | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 7 | 9 | - | 1 | 1 | 16 | **18** |
| 2nd Sem. | - | - | - | - | - | - | - | 2 | 2 | - | - | 1 | 2 | **4** | 5 | 7 | 1 | 1 | - | 10 | **12** |
| 2nd Sem. 2078 | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 2 | 2 | 1 | 1 | - | 2 | **4** |
| 3rd Sem. | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 4 | 2 | 1 | 1 | - | 4 | **6** |
| Total | - | - | - | - | - | - | - | 2 | 2 | - | - | 1 | 2 | **4** | 18 | 20 | 3 | 4 | 1 | 32 | **40** |
| **MBS** | | | | | | | | | | | | | | | | | | | | | |
| 1st Sem. | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 4 | 5 | - | - | - | 9 | **9** |
| 2nd Sem. | - | - | - | - | - | - | - | 4 | 8 | 4 | 3 | 1 | 3 | **12** | 8 | 7 | 1 | - | 1 | 13 | **15** |
| 3rd Sem. | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 5 | 9 | 3 | - | 2 | 9 | **14** |
| 4th Sem. | - | - | - | - | - | - | - | - | - | - | - | - | - | - | 6 | 12 | 3 | - | 4 | 11 | **18** |
| Total | - | - | - | - | - | - | - | 4 | 8 | 4 | 3 | 1 | 3 | **12** | 23 | 33 | 7 | - | 3 | 42 | **56** |

*स्रोतः MDC, EMIS शाखा*

माथि प्रस्तुत गरिएको तथ्याङ्कलाई हेर्दा शैक्षिकसत्र २०७८/०७९ मा कक्षागत उत्तीण सङ्ख्या ३०६ जना भएकोमा त्यस पछिको अर्को शैक्षिकसत्रमा सो सङ्ख्या केही कम भएर ३०२ भएको देखिन्छ भने शैक्षिकसत्र २०८०/०८१ मा उक्त सङ्ख्या बढेर ३४० भएको देखिन्छ। शैक्षिकसत्र २०७९/०८० मा कक्षागत उत्तीर्ण सङ्ख्या केहि कम भएको देखिएता पनि शैक्षिकसत्र २०८०/०८१ मा भने उक्त सङ्ख्या बढेको देखिन्छ।

## Graduate Trend Analysis of the Last Three Years

| Year | BBS | | | | | | B. Ed. | | | | | | B.A. | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | Male | Female | EDJ | D | M | Total | Male | Female | EDJ | D | M | Total | Male | Female | EDJ | D | M | Total |
| **2078-079** | 20 | 15 | 3 | 1 | **5** | **35** | 4 | 24 | 3 | 1 | **1** | **28** | 1 | 0 | 0 | 0 | **0** | **1** |
| **2079-080** | 17 | 18 | 3 | 4 | **4** | **35** | 2 | 10 | 2 | - | - | **12** | - | - | - | - | - | - |
| **2080-081** | 17 | 15 | 1 | 2 | **3** | **27** | 2 | 9 | -- | -- | - | **11** | - | 2 | - | - | - | **2** |
| **BBA** | | | | | | | | | | | | | | | | | | |
| **2080/081** | 1 | 3 | - | - | **1** | **4** | - | - | - | - | - | - | - | - | - | - | - | - |
| **Total** | **55** | **51** | **7** | **7** | **13** | **101** | **8** | **43** | **5** | **1** | **1** | **51** | **1** | **2** | - | - | - | **3** |

*स्रोतः MDC, EMIS शाखा*

प्रस्तुत तथ्याङ्कलाई विश्लेषण गरी हेर्दा शैक्षिकसत्र २०७८/०७९ मा ६४ जना विद्यार्थीहरूले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ त्यस पछिको शैक्षिकसत्र २०७९/०८० मा ४७ जनाले स्नातकतह उत्तीर्ण गरेको देखिन्छ। त्यसै गरी शैक्षिकसत्र २०८०/०८१ मा ४४ जनाले स्नातक तह उत्तीर्ण गरेको देखिन्छ। प्रस्तुत तथ्याङ्कको विश्लेषण गर्दा शैक्षिकसत्र २०७८/०७९ को तुलनामा शैक्षिकसत्र २०७९/०८० र शैक्षिकसत्र २०८०/०८१ मा स्नातकतह उत्तीर्ण गर्ने विद्यार्थीहरूको सङ्ख्यामा केही गिरावट आएको देखिन्छ।

**Educational Pedagogy:**

1. Teaching Methods: Group Discussion, Interaction, Student Presentation, Peer Discussion, Online Presentation etc.
2. Teaching Tools: Projector, Internet, Computer, Laptop, Smart Board, Others etc.

# 4. Physical Progress

| S. N | Particular | 2078/079 (No.) | 2079/080 (No.) | 2080/081 (No.) |
|---|---|---|---|---|
| 1. | **Infrastructure Development** | | | |
| | **Educational Aids** | | | |
| | Computer and Monitor | 1 | 36 | 4 Set |
| | Projector | 2 | 3 | 3 |
| | Laptop | 3 | - | 2 |
| | Sound System/Speaker | 3 | - | - |
| | Books | 1299 | 1150 | 2123 |
| | Smart Board and White Board | - | - | 1\| 1 |
| | Journals /Devkota Journal | - | - | 1 |
| | Reference Books | - | - | |
| | Furniture ( Chair,Table and Desk ) | 113 | 55 | 115 |
| | Vehicle (Bus) | 1 | - | - |
| | Fan / Cooler | 4 | 14 | 5 |
| | Photocopy (Xerox) Machine ( Printer ) | 1 | - | 1 |
| | Air Condition | 5 | - | 1 |
| | Attendence Machine | 1 | - | - |
| | Class Room/Office Room | 4 Rooms | - | - |
| | Camera | 1 | - | - |
| | Campus Boundary, Parking | 150 | - | |
| 2. | **Other** | | | |
| | Water Filter | 1 | - | 1 |
| | Water Tank | 2 | - | - |
| | Scanner | - | 1 | - |
| | Projector Screen Manual | - | 7 | - |
| | Stablizer | 5 | - | - |
| | Pad Vander Machine | - | 1 | - |

स्रोत: *MDC, Audit Report*

# 5. Financial Progress

## Sources of Income

| S.N. | Particular | 2078/079 | 2079/080 | 2080/081 |
|---|---|---|---|---|
| 1. | **Self Generated Resources** | | | |
| | Student Fees | 29967080 | 33478535 | 38297236 |
| | Others | 1901067.36 | 1510542.96 | 1300586 |
| | Bus (Transportation ) | 631693 | 2167011 | 2274637 |
| 2. | **Grants from Government Sources** | | | |
| | State Government | 2953720 | 1844484 | 682732 |
| | Fund/Uchha Sishya,N.P. | 75000 | - | |
| | Other Government ( Scholarship ) | 82401 | - | 360000 |
| | Sunwal Municipality | 1729710 | - | 1429348 |
| | Sunwal Municipality (Computer Lab) | | 2885034 | |
| | UGC QAA Renewal Processing | - | 400000 | |
| | QAA Reaccredited, Tracer Study | - | - | 1080000 |
| | (UGC) ESP Program (for Incubation Center) | - | - | 1500000 |
| | (UGC) NEHEP | - | - | 485000 |
| | UGC (Regular Grants) | 2035000 | 1960000 | 2610000 |
| | UGC Library,EMIS Training, Pass Out Increment, Annual Report | - | 100000 | 120000 |
| | UGC Library /Research Training | 100000 | - | |
| | UGC Physical Infastructure Dev. Grants (Equipment Purchase) | - | - | 1000000 |
| 3. | **Other Sources** | | | |
| | Campus Life Member | - | 142002 | 389373 |
| | Campus Patron | 501000 | - | 501000 |
| | Akshya Kosh (2) | - | - | 334909 |
| | Scholarship | 60000 | 385000 | - |
| | Mulpani Ban Samiti | - | - | 1000000 |
| | **Total** | **40036671.36** | **44872612.96** | **53364821** |

स्रोतः *MDC, Audit Report*

## Expenditures

| S.No. | Particulars | 2078/079 | 2079/080 | 2080/081 |
|---|---|---|---|---|
| 1. | **Recurrent Expense:** | | | |
| | Salary (Teachers) | 14773535 | 17883040 | 20197879 |
| | Salary (Staff ) | 2269031 | 3170659 | 3576419 |
| | Other ( Direct Expenses ) | 8061881.18 | 10205488 | 10560699 |
| | Other (Office Expenses ) | 3365511.82 | 4868484.94 | 5260927 |
| 2. | **Capital Expenditure:** | | | |
| | Major Infrastructure Development | 3998882 | 2925847 | 3662848 |
| | Land Development (Boundry, Parking Tyles) | 2038460 | - | 193640 |
| | Equipment purchase | 773000 | - | |
| | Electricity Equipment (AC ) | 10700 | 936548 | 75000 |
| | Other Equipment purchase | 578466 | - | 37600 |
| | Books Purchase | 1077547 | 594319 | 519941 |
| | Computer Set/ Lab | - | 2338769 | 776500 |
| | Drinking Water Mgmt. | 171600 | - | 205000 |
| | Bus Purchase | 3182240.60 | - | - |
| | Furniture | 1258209 | 499700 | 1197151 |
| | Road Development | - | 205145 | - |
| | Basket Ball Court | - | - | 1290181 |
| **3.** | **Other** | | | |
| | Maintenance | 351296 | - | 558472 |
| | Website/Software | 27300 | - | 857200 |
| | Other | - | - | 26210 |
| | **Total** | **41937659.60** | **43627999.94** | **48995667** |

स्रोत: *MDC, Audit Report*

माथि प्रस्तुत गरिएको तथ्याङ्कमा उल्लेख भए अनुसार आ.व. २०७८/०७९ मा क्याम्पसको विभिन्न स्रोतबाट रु. ४००३६६७१.३६ /- आम्दानी भएको मा रु. ४१९३७६५९.६० /- खर्च भएको देखिन्छ। त्यसपछिको आ.व. मा रु.४४८७२६१२.९६ /- आम्दानी भई रु.४३६२७९९९.९४ /- खर्च भएको देखिन्छ। साथै आ.व. २०८०/०८१ मा रु.५३३६४८२१ आम्दानी भई रु.४८९९५६६७ खर्च भएको लेखा परीक्षण प्रतिवेदनमा देखिन्छ। प्रस्तुत तथ्याङ्कक हेर्दा आ.व. २०७८/०७९मा आम्दानीको तुलनामा खर्च केही मात्रामा बढी भएको देखिए तापनि त्यस पछिका आ.व. मा आम्दानी र खर्चको अनुपात हेर्दा आम्दानी बढी भएको देखिन्छ। यसरी आम्दानी र खर्चको तुलनात्मक विश्लेषण गर्दा क्याम्पस आर्थिक रूपमा सन्तोषजनक अवस्थामा रहेको देखिन्छ। उक्त कुरा लेखापरीक्षण प्रतिवेदनबाट प्रष्ट हुन्छ।

## Audit Observations/Issues & Steps taken to mitigate the Issues Raised by Audit Observations in the Last Fiscal Year

**गत वर्षको लेखा परीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरूको सम्बोधन :**

१. पूँजीगत अनुदान तर्फको अनुदानको रकम शीर्षक अनुसार भिन्नै बैंक खातामा जम्मा गरेर खर्च नगरेको पाइएको छ।

२. क्याम्पसले कर्मचारी उपदान कोषको कार्यविधि गराउनुपर्ने देखियो। क्याम्पस सामाजिक सुरक्षा कोषमा आंशिक रुपमा गएको देखियो।

# 6. Social Progress

## सामाजिक गतिविधिमा क्याम्पसको संलग्नता

सुनवल नगरपालिका वडा नं.४ मा वि.सं. २०६० सालमा स्थापना भएको महाकवि देवकोटा क्याम्पस, वि.सं.२०८० सालमा विश्वविद्यालय अनुदान आयोग (UGC) नेपालबाट Reaccredited भएको सामुदायि शैक्षिक संस्था हो। स्थानीय समाजका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट क्याम्पसको स्थापना भएको हो। स्थानीय समुदायको सहयोग र सक्रियतामा सञ्चालित यो क्याम्पस आफ्नो स्थापना कालदेखि नै सामाजिक गतिविधिहरूमा संलग्न हुँदै आएको छ। समाजका व्यक्तित्वहरूको सहयोगद्वारा स्थापित शैक्षिक संस्था भएको नाताले सामाजिक गतिविधिमा क्याम्पसको संलग्नता अपरिहार्य नै देखिन्छ। यो क्याम्पस यसै समाजका व्यक्तिहरूमा उच्च शिक्षाको पहुँच पुऱ्याउने लक्ष्य राखेर अगाडि बढिरहेको छ। समाजको विकासमा योगदान पुऱ्याउनको लागि क्याम्पसले निरन्तर प्रयास गरिरहेको छ। यस क्षेत्रमा रहेका विभिन्न धार्मिक, सांस्कृतिक मूल्यमान्यताहरूको जगेर्ना गर्नका लागि क्याम्पसले विभिन्न किसिमका सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्दै आइरहेको छ। यस क्षेत्रमा आयोजना हुने विभिन्न उत्सव, मेला, यज्ञ, पूजापाठ, विवाह, व्रतबन्ध, मृत्युसंस्कार, बाटोघाटो बनाउने, मन्दिर निर्माण तथा सरसफाई आदि कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा सहभागिता जनाएर सामाजिक गतिविधिमा आफ्नो संलग्नता कायम गरिरहेको छ। विभिन्न अवसरमा सञ्चालन हुने उत्सव, मेला, यज्ञ, जस्ता कार्यक्रममा स्वयंसेवक समेत प्रदान गर्दै आइरहेको छ। सरोकारवाला व्यक्तिहरू साथै वहाँहरूका आफन्तहरूको मृत्यु भएमा सम्बन्धित ठाउँमा पुगी श्रद्धाञ्जली कार्यक्रममा सहभागी भई परिवारजन प्रति समवेदना व्यक्त गर्दै आइएको छ। रक्तदान, परिवार नियोजन, वातावरणीय सरसफाई, ट्राफिक नियम, दन्त परीक्षण शिविर, आँखा शिविर जस्ता विभिन्न स्वास्थ्य शिविर, गोष्ठी, सम्मेलन आदि कार्यक्रमको आयोजना गरी क्याम्पसले समाजको एक अभिन्न अङ्गका रूपमा आफ्नो भूमिका निर्वाह गर्दै आइरहेको छ।

## समाजको क्याम्पसलाई योगदान

बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला अन्तर्गत सुनवल नगरपालिका वडा नं. ४ मा अवस्थित महाकवि देवकोटा क्याम्पस स्थानीय समाजका बुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापित भएको लुम्बिनी प्रदेशकै अग्रणी सामुदायिक शैक्षिक संस्था हो । यो क्याम्पस स्थानीय व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगमा त्रिभुवन विश्वविद्यालयबाट वि.सं. २०६० सालमा सञ्चालन सम्बन्धन प्राप्त गरी स्थापना भएको सामुदायिक शैक्षिक संस्था हो । स्थानीय समाजकै गन्यमान्य व्यक्तित्वहरूको आर्थिक, बौद्धिक साथै भौतिक सहयोगबाट स्थापित र सञ्चालित भएको हुनाले समाजको क्याम्पसलाई अतुलनीय योगदान भएको कुरा पुष्टि हुन्छ। यस क्याम्पसले सञ्चालन गर्ने विभिन्न कार्यक्रमहरूमा सहभागी भएर समाजले क्याम्पसलाई सहयोग गर्दै आएको छ। समाजका सदस्यहरू क्याम्पसमा क्याम्पस संरक्षक, अक्षयकोष दाता, आजीवन सदस्य बनेर योगदान पुऱ्याइ रहेका छन् । प्रत्येक वर्ष क्याम्पस संरक्षक, आजीवन सदस्य साथै अक्षकोषदाताहरुको संख्या बढ्दै गएको छ । त्यसवापत प्राप्त रकम क्याम्पसको भौतिक निर्माणमा खर्च गरिएको छ। जसले गर्दा क्याम्पस भौतिक रुपमा सबल हुँदै गएको छ। क्याम्पस सञ्चालनको सम्पूर्ण जिम्मेवारी बोकेको क्याम्पस सञ्चालक समितिका साथै क्याम्पस सल्लाहकार समितिका पदाधिकारीहरू पनि यसै समाजका व्यक्तित्वहरू हुनुहुन्छ यसबाट पनि के प्रस्ट हुन्छ भने समाजको क्याम्पसलाई ठूलो योगदान रहेको छ । त्यति मात्रै नभएर क्याम्पसको भौतिक सामग्रीहरूको संरक्षण गर्दै क्याम्पसका नीतिनिर्माण तथा योजना निर्माणमा समुदायले आवश्यक सहयोग गरी योगदान पुऱ्याउँदै आएको छ । समाजको उक्त सहयोगलाई क्याम्पसले उच्च कदर गरी भविष्यमा पनि यो सहयोग र साथ निरन्तर रहिरहने छ भन्ने अपेक्षा गर्दछ ।

## क्याम्पसले समाजप्रति गर्ने योगदानको योजना

वि.सं. २०६० सालमा त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन सम्बन्धन प्राप्त गरी स्थापना भएको महाकवि देवकोटा क्याम्पस, स्थानीय समाजका सचेत व्यक्तित्वहरूको सक्रियता, लगानी र सहयोगमा स्थापना भएको गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था हो । यो क्याम्पस स्थानीय समाजका सामाजिक व्यक्तित्वहरूको पहलमा स्थापना भएको हुनाले समाजप्रति यस क्याम्पसको योगदान रहने कुरामा कुनै दुई मत नै छैन् । यस क्याम्पसले स्थानीय समाजको शैक्षिक साथै चौतर्फी विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । समाजप्रतिको आफ्नो जिम्मेवारी पूरा गर्न क्याम्पसले यहाँ अध्ययन गर्ने विद्यार्थीहरूलाई विभिन्न सामाजिक कार्यहरूमा सहभागी गराउँदै आएको छ। समाजका नागरिकहरूलाई स्वस्थ राख्न विभिन्न समयमा स्वास्थ्य परीक्षण शिविर सञ्चालन गर्दै आइरहेको छ। आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुको लागि थोरै भएपनि औषधी उपचार खर्च प्रदान गर्दै आइरहेको छ। समाजमा सञ्चालन हुने उत्सव, मेला, यज्ञ, पूजापाठ, विवाह, व्रतबन्ध, मृत्युसंस्कार, बाटोघाटो बनाउने, मन्दिर निर्माण तथा सरसफाई जस्ता सामाजिक कार्यक्रमहरूमा क्याम्पस सहभागी भइरहेको छ। क्याम्पसले स्थानीय समाजका व्यक्तिहरूलाई सस्तो र सर्वसुलभ रूपमा समयानुकूल गुणस्तरीय शिक्षा प्रदान गरिरहेको छ । समुदायलाई वातावरणप्रति सचेत बनाउन वातावरण सरसफाई कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । जनताको स्वास्थ्यलाई मध्यनजर गर्दै क्याम्पसले समय समयमा मातृशिशु तथा परिवार नियोजन कार्यक्रम साथै स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। समाजका गरिब तथा विपन्न वर्गका व्यक्तिहरूलाई सहयोग गर्नका लागि सामाजिक सुरक्षा कोष निर्माण गरी रकम जम्मा गर्दै आएको छ । समुदायको दिगो विकासका लागि यसै वडाको दुर्गम क्षेत्र महलपोखरीका बासीन्दाहरुको आर्थिक अवस्था माथि उठाउन प्रदेश सरकारसँग समन्वय गरी पहिलो चरणको कार्य गरिसकिएको छ । विश्वव्यापी

महामारीका रूपमा फैलिएको कारोना भाइरस (Covid-19) समुदायमा फैलन नदिन र समुदायलाई बचाउन क्याम्पसमा क्वारेन्टइन निर्माण गरेर समाजलाई योगदान पुऱ्याएको छ । गरिब परिवारका जेहनदार विद्यार्थीहरू उच्च शिक्षाको अवसरबाट बञ्चित हुन नपरोस् भनि क्याम्पसले छात्रवृत्ति वितरणको लागि अक्षय कोष निर्माण गरी सोही अनुसार छात्रवृत्ति वितरण गर्दै आएको छ । बढ्दो सवारी दुर्घटनालाई न्यूनीकरण गर्न र ट्राफिक सचेतना बढाउन वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्दै आएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई विभिन्न धार्मिक तथां सांकृतिक कार्यक्रममा सहभागी गराएर समाजिक कार्यमा लाग्ने बाटो निर्माण गरेको छ। क्याम्पस वरिपरिका शैक्षिक संस्थाहरूको गुणस्तर वृद्धि गर्न उनीहरूले माग गरे अनुसारको विशेषज्ञ सुविधा उपलब्ध गराएर सहयोगी भूमिका निर्वाह गरिरहेको छ । क्याम्पसले यहाँ अध्ययनरत विद्यार्थी र क्याम्पसको संयुक्त आयोजनामा विभिन्न सरकारी विद्यालयमा शैक्षिक सामग्री वितरण कार्य गर्दै आएको छ । क्याम्पस वरिपरिको समाजको विकास निर्माणमा समेत क्याम्पसले सहयोग गरेको छ। क्याम्पसले सुनवल लगायत समग्र राष्ट्रको उन्नतिमा योगदान पुऱ्याउने दीर्घकालिन लक्ष्य रणनैतिक योजना मार्फत् सार्वजनिक गरेको छ।

## क्याम्पसमा समाजको सहभागिता वृद्धि गर्ने योजना

महाकवि देवकोटा क्याम्पस त्रिभुवन विश्वविद्यालयबाट सञ्चालन सम्बन्धन प्राप्त गरी वि.सं. २०६० सालमा स्थापना भएको यस क्षेत्र कै उत्कृष्ट सामुदायिक शैक्षिक संस्था हो । यो क्याम्पस 'Learn Locally Fit Globally' भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै स्थानीय स्तरमा पनि गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने उद्देश्यका साथ स्थानीय समाजका वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूको प्रत्यक्ष सहयोगबाट स्थापना भएको हो । यो क्याम्पसले विद्यालयीय शिक्षा पूरा गरिसकेपछि उच्च शिक्षा प्राप्त गर्नको लागि धेरै लगानी र लामो समय खर्च गरी टाढा टाढा जानु पर्ने तत्कालिन परिस्थितिको अन्त्य गरेको छ। क्याम्पसले समाजको सहभागिता वृद्धि गर्न समाजका विभिन्न व्यक्तित्वहरूलाई क्याम्पसमा क्याम्पस संरक्षक, अक्षयकोषदाता साथै आजीवन सदस्य बनाउँदै आएको छ । हरेक वर्ष वितरण गरिँदै आएको छात्रवृत्ति वितरण कार्यक्रममा अभिभावकहरूलाई सहभागी गराइएको छ । छात्रवृत्ति रकम प्रदान गर्नको लागि स्थानीय समाजका वुद्धिजीवी, समाजसेवी, व्यापारी, उद्योगपति, शिक्षाप्रेमी साथै अन्य व्यक्तित्वहरूलाई आग्रह गरिएको छ । दाताहरूबाट सहयोग मागी छात्रवृत्ति वितरणको लागि अक्षयकोष स्थापना गरिएको छ । क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई विभिन्न तालिम, इन्टूनसिप साथै अन्य सहयोग प्रदान गर्न स्थानीय व्यापारी, उद्योगपति, व्यवसायी, संघ संस्थालाई जिम्मेवारी बोध गराइएको छ। समुदायलाई क्याम्पसको नीतिनिर्माण र योजना निर्माणमा सहभागी गराएर क्याम्पसप्रति जिम्मेवार बनाइएको छ। महाकवि देवकोटा क्याम्पस सामुदायिक शैक्षिक संस्था हो । यस क्षेत्रका व्यक्तित्वहरुले नै क्याम्पसको स्थापना गरेको हुँनाले क्याम्पसमा समाजको सहभागिता वृद्धि हुँदै जानुपर्दछ। क्याम्पसमा समाजको सहभागिता वृद्धि गर्न क्याम्पस संरक्षक, आजीवन सदस्य, अक्षकोषदाताहरुको रुपमा विभिन्न व्यक्ति तथा संस्थालाई क्याम्पसमा सहभागी गराइएको छ।

# ७. समस्या एंवम् चुनौतीहरू (Issues & Challenges)

महाकवि देवकोटा क्याम्पस बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला सुनवल नगरपालिका वडा नं. ४ को सहरोन्मुख ग्रामीण क्षेत्रमा स्थापित गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था हो । ग्रामीण परिवेशमा स्थापित यस्ता गैरनाफामूलक समुदायिक शैक्षिक संस्था सञ्चालन गर्नु अत्यन्त कठिन कार्य हो । विद्यार्थीहरूलाई न्यून शुल्कमा अध्यापन गराउनु पर्ने बाध्यता एकातर्फ छ भने अर्कोतर्फ राज्यको तर्फबाट नगन्य आर्थिक सहयोग प्राप्त हुनुले नेपालको ग्रामीण परिवेशका करिब सबै जसो सामुदायिक क्याम्पसहरू कठिन अवस्थामा सञ्चालित छन् । महाकवि देवकोटा क्याम्पस पनि त्यस्ता शैक्षिक संस्था मध्येको एक हो । साधन स्रोतको प्रतिकूलताका बाबजुत पनि उच्च गुणस्तर कायम राख्दै र अन्तर्राष्ट्रिय मापदण्डलाई पछ्याउँदै हिंडेका नेपालका ग्रामीण परिवेशका सामुदायिक क्याम्पसहरू मध्ये अग्रपङ्तिमा आफूलाई उभ्याउने प्रयास गरिरहेको यस क्याम्पसको अवस्थालाई हेर्ने हो भने केही सन्तोष लिनुपर्ने अवस्था पनि देखिन्छ ।

यो क्याम्पस सञ्चालनका क्रममा देखिएका चुनौती तथा अगाडि बढ्नका लागि भए गरेका प्रयासहरूलाई तल उल्लेख गरिएको छ ः

## चुनौतीहरू

यो क्याम्पस सञ्चालनका क्रममा महशुस गरिएका चुनौतीहरूलाई दुई भागमा विभाजन गरिएको छ ः

क. अल्पकालीन चुनौती ख. दीर्घकालीन चुनौती

**क. अल्पकालीन चुनौती ः**

१. दीर्घकालीन रुपमा आवश्यक पर्ने स्रोतसाधन व्यवस्थापन नहुनु,
२. अनुसन्धान तथा प्रकाशन जस्ता प्राज्ञिक कार्यहरू प्रयाप्त नहुनु,
३. अन्तर्राष्ट्रिय प्राज्ञिक गतिविधिहरूसँगको सम्पर्कमा कमि हुनु,
४. समुदायलाई क्याम्पस विकासमा पूर्ण रुपमा सहभागी गराउन नसकिनु,
५. शिक्षकहरुको उच्च मनोवल विकास गर्दै दीर्घकालीन सेवाका लागि प्रयाप्त सेवा सुविधा प्रदान गर्न नसकिनु,
६. त्रि.वि.का मात्र नयाँ कार्यक्रम सञ्चालन गर्न क्याम्पसको लक्ष्यमा सहजता नहुनु,

**ख. दीर्घकालीन चुनौती**

१. सामुदायिक क्याम्पसलाई सरकारले अपनत्व नलिनु,
२. जीवनउपयोगी र व्यावहारिक शिक्षा नहुँदा विद्यार्थीहरु वैदेशिक अध्ययनमा आकर्षित हुनु,
३. क्याम्पसका विकासात्मक कार्य गर्न सरकारी लामो प्रक्रिया अपनाउनु पर्ने वाध्यता हुनु,
४. छरितो परिणाममुखी ढाँचाको सट्टा लामो प्रकियामुखी ढाँचाको अवलम्बन गर्नुपर्ने वाध्यता हुनु,
५. उत्तीर्ण भएका विद्यार्थीहरूलाई सहजै पदस्थापन गर्न नसकिनु ।

## प्रयासहरू

महाकवि देवकोटा क्याम्पस लुम्बिनी प्रदेश बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला, सुनवल नगरपालिका, वडा नं. ४ को सहरोन्मुख ग्रामीण परिवेशमा स्थापित शैक्षिक संस्था हो । यो क्याम्पस अनेकन चुनौतीहरूका बाबजुत

पनि यस क्षेत्रका विद्यार्थीहरूलाई गुणस्तरीय उच्च शिक्षा प्रदान गर्नका लागि उच्च मनोबलका साथ अगाडि बढ्न प्रयासरत छ। तसर्थ यस क्याम्पसले वि.सं. २०७१ सालबाट गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रक्रियामा प्रवेश गरी त्यसका लागि आवश्यक पर्ने विभिन्न क्रियाकलापहरू गर्दै वि.सं. २०७४ मंसिरमा बहुप्रतिक्षित (QAA) प्रमाण पत्र प्राप्त गरिसकेको छ। प्रत्येक पाँच वर्षमा उक्त प्रमाणपत्र पुनः प्राप्त गर्नुपर्ने प्रावधान अनुसार वि.सं. २०८० सालमा नेपालमा एघारौँ नम्बरमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र नविकरण गर्न सफल भएको छ। सो प्रमाणपत्र प्राप्तिसँगै यस क्याम्पसको समग्र विकासमा सकारात्मक प्रभाव परेको देखिन्छ। फलस्वरुप वि.सं. २०७५ पुसमा सबैको साथ र सहयोगबाट क्याम्पसले वर्तमान समयको निकै आकर्षक (BBA) कार्यक्रम साथै वि.सं.२०७९ थप सेक्सन समेत प्राप्त गरिसकेको छ भने २०७८ श्रावणमा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्काय स्नातकोत्तरतहको MBS कार्यक्रम सञ्चालन अनुमति समेत प्राप्त गरिसकेको छ। त्यसै गरी वि.सं. २०७८ चैत्रमा त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गतको BICTE कार्यक्रम सञ्चालन अनुमति प्राप्त गरेको छ। QAA प्रमाण पत्र प्राप्त भएसंगै क्याम्पसको शैक्षिक गुणस्तर वृद्धि, भौतिक सुविधा वृद्धि, अनुसन्धान, प्रकाशन, विद्यार्थी सङ्ख्यामा वृद्धि, शिक्षक कर्मचारीहरूको पेशागत विकास आदिमा उल्लेख्य प्रगति भएको छ। अन्तर्राष्ट्रिय शैक्षिक मापदण्डहरूलाई पछ्याउने क्रममा संस्था हरेक हिसाबले स्वस्थ बन्दै गएको छ। फलस्वरुप UGC बाट सञ्चालित उच्च शिक्षा परियोजना (HERP), (Nurturing Program-NEHEP) साथै (ESP) अन्तर्गत यस क्षेत्रबाट लगातार छनौट हुन सफल भई सबै आ.व.का खरिद तथा निमार्णका कार्यक्रम पनि सम्पन्न गरिसकेको छ। आगामी केही वर्ष भित्र उच्च शिक्षा सुधार योजनाबाट अधिक सहयोग प्राप्त गरी समग्र विकासमा कोल्टो फेर्ने सम्भावना नजिकिएको छ। अर्थात् QAA, HERP र (Nurturing Program-NEHEP) कार्यक्रम मार्फत् नेपालका समुदायिक क्याम्पसहरू मध्ये नमुना क्याम्पसको रूपमा विकसित हुने सम्भावना प्रष्टै देखिएको छ।

## चुनौतीहरू सम्बोधन गर्ने भावी योजना

महाकवि देवकोटा क्याम्पसको समग्र विकासमा देखिएका समस्या तथा चुनौतीहरूसँग यथोचित ढंङ्गले सामना गर्दै नमुना क्याम्पसको रूपमा विकास गर्नका लागि यस क्याम्पसका भावी योजनाहरू यस प्रकार छन् :

१. क्याम्पसको रणनैतिक योजना (Strategic Plan) सफल बनाउने।
२. UGC, केन्द्र, प्रदेश तथा स्थानीय सरकारबाट माग गरिएका कार्यक्रम सफलतापूर्वक प्राप्त गरी सफल पार्ने।
३. क्याम्पस विकासमा समुदायको सहभागिता अझ वृद्धि गर्ने।
४. उच्च शिक्षामा गुणस्तरता कायम गर्ने।
५. विभिन्न दातृ निकायहरूसँग पहुँच पुऱ्याई स्रोत साधन जुटाउने।
६. क्याम्पसलाई स्वयत्ततातर्फ लैजान अध्ययन गर्ने।
७. क्याम्पसको गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने।

# 8. Annual Work Plan and Budget of the Current Fiscal Year-2081

## आम्दानी तर्फ

| क्र.स. | आम्दानीका शीर्षकहरू | चालु २०८०/०८१ जेठ सम्मको वास्तविक आम्दानी | अ.सु | आ.व.२०८१/०८२ को अनुमानित आम्दानी |
|---|---|---|---|---|
| सञ्चालन आम्दानी | | | | |
| १ | भर्ना शुल्क | २११७६३१६ | १ | २७१७२००० |
| २ | मासिक शुल्क | ९५७४९८२ | २ | ११२४७००० |
| अन्य आम्दानी | | | | |
| ३ | भर्ना/प्रवेश परीक्षा फाराम | ३१२०० | ३ | २८३२५० |
| ४ | परिचय पत्र | १९८५५० | ४ | १७३७५० |
| ५ | प्राथमिक उपचार (स्वा. से.) | १८९८५० | ५ | ११८३५० |
| ६ | रजिष्ट्रेशन शुल्क | ३५७५७४ | ६ | ३३७५०० |
| ७ | वोर्ड परीक्षा शुल्क (व्याक सहित ) | २७४७३६४ | १३ | २५६३५०० |
| ८ | अभ्यास शिक्षण शुल्क | १५०००० | ७ | १५०००० |
| ९ | प्रमाणपत्र शुल्क | २८५००० | ८ | २४०००० |
| १० | टाई शुल्क | ३३६२५ | | ६०००० |
| ११ | टी-सर्ट | ५५८०० | | ८०००० |
| १२ | व्याज आम्दानी | ६२०२९.७९ | | ८०००० |
| १३ | आन्तरिक परीक्षा शुल्क | ७०६३११ | ९,१० | ५९२५०० |
| १४ | विविध आम्दानी | १६५१६२ | | १५५४०० |
| १५ | विद्यार्थी कल्याणकारी कोष | ९७१०० | १२ | ९७५०० |
| १६ | यातायात | २१८२९२३ | | २५००००० |
| १८ | विकासात्मक आम्दानीका स्रोतहरु | - | | - |
| | १.विश्वविद्यालय अनुदान आयोग (नियमित अनुदान) | - | | २०००००० |
| | २. विश्वविद्यालय अनुदान आयोग, विशेष कार्यक्रम | ४८५००० | | २००००० |
| | ३. विश्वविद्यालय अनुदान आयोग, विशेष कार्यक्रम | १५००००० | | - |
| | ४. सुनवल नगरपालिका | १४२९३४८ | | ३०००००० |
| | ५.तालिम Montessori | ५४२५० | | १००००० |
| | ६. प्रदेश सरकार | ६७२७३२ | | २५००००० |
| | ७. आर्थिक सहायता,चन्दा, अक्षयकोष र विविध | ३३४९०९ | | ३००००० |
| | ८. आर्थिक क्याम्पस संरक्षक | ५०१००० | | ५००००० |
| | ९. आर्थिक क्याम्पस आजीवन सदस्य | ३८९३७३.५३ | | २००००० |
| | १०. संघिय सांसद | - | | ५०००००० |
| | ११. साइकल बिक्री | २००० | | - |
| | १२. छात्रवृत्ति प्रदेश | - | | ३००००० |
| | जम्मा 'क' | - | | ६०३३८२५० |

## खर्चतर्फ

| क्र. स. | खर्चका शीर्षकहरु | आ.व. २०८०/०८१ जेठ सम्मको वास्तविक | अ.सु. | आ. व. ०८१/०८२ को अनुमानित |
|---|---|---|---|---|
| १ | **प्रशासनिक खर्चतर्फ** | | | |
| | १. तलव भत्ता पर्व | २१८३०१२६ | १,२ | २५२१८२४४ |
| | २. दैनिक भ्रमण | ९४२०० | | १५०००० |
| | ३. अतिथि सत्कार | १००५०६ | | १५०००० |
| | ४. टेलिफोन, इन्टरनेट | १३४५६ | | १९०००० |
| | ५. विजुली महशुल | - | | ६५०००० |
| | ६. मसलन्द छपाई स्टेशनरी | - | | ३५०००० |
| | ७. नविकरण (Faculty) | ७१००० | | १००००० |
| | ८. भाडा भरौट | ६८७०० | | १००००० |
| | ९. उपदान कोष | ६७७०० | | ६००००० |
| | १०. संचय कोष | - | ३ | १०४९०२८ |
| | ११. मर्मत तथा संभार (भवन, प्लम्बिङ्ग, फर्निचर आदि) | २८७९१८ | | ३५०००० |
| | १२. खानेपानी महशुल | २७६७९ | | ५०००० |
| | १३. इन्धन खर्च (जेनेरेटर) | १२०४२३ | | १५०००० |
| | १४. टाई खरिद | - | | ५०००० |
| | १५. टी.सर्ट खरिद | - | | ५०००० |
| | १६. तालिम खर्च (प्रशासनिक) | ३६६१८२ | | २००००० |
| | १७. यातायात खर्च (मर्मत, नविकरण, भाडा र इन्धन) | ३५२५२०६ | | ३६५०००० |
| | १८. प्राथमिक उपचार | ११२०३ | | ३०००० |
| | १९. क्याम्पस सभा | २०१३८४ | | २००००० |
| | २०. नयाँ विषय थप प्रारम्भिक अध्ययन | - | | ५००००० |
| | २१. रजिष्ट्रेशन खर्च | १६०००० | | १८०००० |
| | २२. पूजा सामग्री | ३०३७५ | | ३०००० |
| | २३. कार्यक्रम स्वायत्तता | - | | १००००० |
| | २४. लेखा परीक्षण | - | | ७०००० |
| | २५. बिमा (बस, कर्मचारी ) | - | | १५०००० |
| | २६. सरसफाई | ९९०७२ | | १००००० |
| | **जम्मा खर्च १** | २८५१५५८६ | | ३४४१७२७२ |
| २ | **पुस्तकालय खर्च** | - | | - |
| | १. पुस्तक खरिद, E-Library | ४६८९४४ | | ६००००० |

| | | | | |
|---|---|---|---|---|
| | २. सफ्टवेयर नविकरण, वेबसाइट खरिद | ५७२१६२ | | १५०००० |
| | **जम्मा खर्च २** | १०४११०६ | | ७५०००० |
| ३ | **परीक्षा खर्च** | - | | - |
| | १. वार्षिक बोर्ड परीक्षा | २२६९५०० | | २५००००० |
| | २. आन्तरिक मूल्याङ्कन परीक्षा | २७८९०८ | | ३००००० |
| | ३. त्रि. वि. सेवा शुल्क | ७६६२५० | | ८००००० |
| | ४. Report Writing 4th Year(BBS) and Thesis MBS Final Semester | - | | ५०००० |
| | **जम्मा खर्च ३** | ३३१४६५८ | | ३६५०००० |
| ४ | **भौतिक निर्माण खर्च** | - | | - |
| | १. फर्निचर खरिद | ८१५६५१ | | ७००००० |
| | २. खेलकुद मैदान | १४३११८७ | | १००००० |
| | ४. वाउण्डरी वाल/जग्गा विकास | - | | ५००००० |
| | **जम्मा खर्च ४** | ४९५७०८९ | | १३००००० |
| ५ | **ह्रास कोष व्यवस्था** | - | | ५००००० |
| ६ | **शैक्षिक सामग्रीतर्फ** | ७४८९३ | | - |
| | १. अन्य उपकरण | ५३८१० | | ६०००० |
| | २. शैक्षिक भ्रमण | | | - |
| | क. BBA, BICTE (औधोगिक सामाजिकं) | | | ३००००० |
| | खा. B.Ed $3^{rd}$ Year (औधोगिक सामाजिकं) | ६१४६४५ | | २०००० |
| | ग. BBS $4^{th}$ Year (औधोगिक सामाजिकं) | | | २५००० |
| | घ. भ्रमण (सञ्चालक, शिक्षक, कर्मचारी,राष्ट्रिय अन्तराष्ट्रिय) | | | ३००००० |
| | ३. शैक्षिक सामाग्री – कम्प्यूटर,ल्यापटप, प्रोजेक्टर, प्रशासनतर्फ | २२२४५० | | १०००००० |
| | ४. क्याम्पस प्रवेश बाटो मर्मत | - | | १००००० |
| | ५. Air Condition, Fan with wiring | - | | ५५०००० |
| | ६. नयाँ भवन निर्माण-प्रदेश (तल्ला थप) | - | | ५५००००० |
| | ७. भवन निर्माण (नयाँ) पुस्तकालय | - | | ५०००००० |
| | ८. वृक्षारोपण | - | | ५०००० |
| | जम्मा खर्च ५ र ६ | ९७५७९८ | | १३४०५००० |

| | | | | |
|---|---|---|---|---|
| ७ | विद्यार्थी स्वागत तथा बिदाई - Annual | १३१२०० | | १५०००० |
| ८ | Montessori | ६२१४१ | | १००००० |
| ९ | छात्रवृत्ति | १७६५० | | ९००००० |
| | **जम्मा खर्च ७ देखी ९ सम्म** | २१०९९१ | | ११५०००० |
| १० | **विभाग तथा सेलहरु तर्फ** | - | | - |
| | १. शोध तथा अनुसन्धान (Collaborative research 60% and other research 40% of total research budget ) | ३५३२९० | | १८००००० |
| | २. सूचना सेल, प्रकाशन (Annual report, Calendar, etc.) | ३०९४३४ | | ४५०००० |
| | ३. IQAC | ३८७२० | | १००००० |
| | ४. विद्यार्थी सहयोग तथा परामर्श | ४५०१० | | ११५००० |
| | ५. विद्यार्थी भर्ना विज्ञापन | २१०८६९ | | ४५०००० |
| | ६. अतिरिक्त क्रियाकलाप | ७१२७५ | | २००००० |
| | ७. QAA Renewal (Re-Accrediation) | ७०४८७६ | | १००००० |
| | ८. व्यवस्थापन सङ्काय | ६५६६५ | | १८५००० |
| | ९. शिक्षा तथा मानविकी सङ्काय | ६०४१५ | | १८०००० |
| | १०. EMIS | २८६०० | | १००००० |
| | ११. BICTE | २३७६१९ | | १६५००० |
| | १२. MBS | | | १५०००० |
| | १३. BBA | | | ४८५००० |
| | **जम्मा खर्च १०** | २१२५७७३ | | ४४८०००० |
| ११ | १. **Guest Professor** | ३४१५० | | २६५००० |
| | २. ISR (सामाजिक जिम्मेवारी) | ३६८३५ | | ५०००० |
| | ३. विविध खर्च | ८४५०९ | | २०९७८ |
| १२ | १.उच्च शिक्षा अध्ययन | - | | १००००० |
| | २. रोजगार दातासँग भेट तथा समझौता | - | | १००००० |
| | ३. जग्गा पूर्जा | - | | ५००००० |
| | ४. बगैंचा मर्मत | - | | १००००० |
| | ५.अतंराष्ट्रिय सम्बन्ध विकास | - | | ५०००० |
| | **जम्मा खर्च ११ देखि १२ सम्म** | १५५४९४ | | ११८५९७८ |
| | **जम्मा खर्च १ देखि १२ सम्मको** | ४१२९६४९५ | | ६०३३८२५० |

## 9. Projected Annual Work Plan and Budget of the Three Fiscal Years following the Current Fiscal Year (as per the Strategic Plan)

| S. No. | Work Plan (as per objectives) | 2079/080 | 2080/081 | 2081/082 |
|---|---|---|---|---|
| 1. | Offer attractive academic programs according to current global context. | | | |
| | a. New Affiliation | 2000000 | - | 2000000 |
| | b. Program Autonomy | 200000 | 2500000 | 2500000 |
| | c. Section Add in BBA | - | - | - |
| | d. International demanded course affiliation preparation | 1500000 | 1600000 | 1600000 |
| | **Total (1)** | **3700000** | **4100000** | **6100000** |
| 2. | Increase equity access in higher education | | | |
| | a. Scholarship | 400000 | 400000 | 400000 |
| | b. Book Distribution | 400000 | 400000 | 400000 |
| | **Total (2)** | **800000** | **800000** | **800000** |
| 3. | Internship on National and international employers | | | |
| | a.Internship | 400000 | 400000 | 400000 |
| | **Total (3)** | **400000** | **400000** | **400000** |
| 4 | Placement to passout student | | | |
| | a.Placement | 300000 | 300000 | 300000 |
| | b.Self Emploiment | 150000 | 150000 | 150000 |
| | **Total (4)** | **450000** | **450000** | **450000** |
| 5. | Enrich Research cell | | | |
| | a. Research cell | 400000 | 400000 | 550000 |
| | b. Consultancy service depart | - | - | - |
| | **Total (5)** | **400000** | **400000** | **550000** |
| 6. | Provide Research consultancy extension service | | | |
| | a. Research service | 350000 | 350000 | 350000 |
| | b. Consultancy and extension service | - | - | - |
| | **Total (6)** | **350000** | **350000** | **350000** |
| 7. | Public Research Based Journal | | | |
| | a. Journal publication | 400000 | 400000 | 400000 |
| | b.Article publication | - | - | - |
| | **Total (7)** | **400000** | **400000** | **400000** |
| 8. | Relate Teaching and learning with Research | | | |
| | a. Research in Teaching | - | - | - |
| | b. Research in Learning | 50000 | 50000 | 50000 |
| | **Total (8)** | **50000** | **50000** | **50000** |
| 9. | Professional Development of faculty | | | |
| | a.Further study | 150000 | 150000 | 150000 |
| | b.Training | 250000 | 250000 | 250000 |
| | c.Retain the faculties | As per required | As per required | As per required |
| | **Total (9)** | | | |

| | | | | |
|---|---|---|---|---|
| 10. | Use the modern technology in teaching learning<br>a.Electornic Device<br>b.Technology In teaching | <br>200000<br>Regularly | <br>200000<br>Regularly | <br>200000<br>Regularly |
| | **Total (10)** | | | |
| 11. | Manage adequate learning resources in campus<br>a. Book<br>b. Library extension<br>c. Lab | <br>450000<br>4000000<br>- | <br>450000<br>-<br>4000000 | <br>450000<br>4000000<br>4000000 |
| | **Toa(11)** | **4450000** | **4450000** | **8450000** |
| 12. | Professional skill development of students<br>a.Training<br>b.Extra activities | <br>500000<br>300000 | <br>500000<br>300000 | <br>350000<br>300000 |
| | **Total (12 )** | **800000** | **800000** | **650000** |
| 13 | Manage sophisticate infrastructure<br>a.Land ownership<br>b.New building<br>c.Compound wall<br>d.Campus Road | <br>-<br>23500000<br>10000000<br>2500000 | <br>-<br>15000000<br>1000000<br>- | <br>-<br>15000000<br>1000000<br>50000000 |
| | **Tatal (13)** | **36000000** | **16000000** | **66000000** |
| 14 | To Maintain greenery in the campus premises<br>a.Garden Design<br>b.Extra activities | <br>2000000<br>550000 | <br>-<br>550000 | <br>-<br>550000 |
| | **Toal (14)** | **2550000** | **550000** | **550000** |
| 15. | Make necessary preparation to develop international college<br>a. Preparation<br>b. Extra Activities<br>c. Interaction<br>d. Development | <br><br>100,000<br>-<br>-<br>- | <br><br>10000000<br>200000<br>-<br>As per Required | <br>-<br>10000000<br>200000<br>-<br>As per Required |
| | **Total (15)** | **100000** | | |
| 16 | To progress other development<br>a. Increase pass rate<br>b. Re-accreditation<br>c. New model for BBS and B.Ed.<br>d. Merge and Run classes on various places | | <br>500000<br>-<br>-<br>250000 | <br>500000<br>-<br>-<br>250000 |
| | **Total (16)** | **1350000** | **750000** | **750000** |
| 17. | Manage extra sources of income to collage<br>a.Grab the Scheme run by UGC<br>b.Receive donation<br>c.Alumni<br>d.Provide research consultancy service<br>e.Business purpose building<br>f.Non credit course | <br>-<br>200000<br>50000<br>200000<br>5000000<br>As per Required | <br>-<br>200000<br>50000<br>200000<br>-<br>As per Required | <br>-<br>200000<br>50000<br>200000<br>-<br>As per Required |
| | **Total (17)** | | | |
| | **Grand Total (1 to 17)** | | | |

# 10. (QAA) Re-Accredited Process

वि.सं. २०८० माघ १९ गतेको विश्वविद्यालय अनुदान आयोगको बार्ड बैठकबाट महाकवि देवकोटा क्याम्पसको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र नवीकरण गर्ने निर्णय भएको थियो। सोही अनुसार वि.सं.२०८० फागुन ९ गते आयोगद्वारा आयोजना गरिएको विशेष कार्यक्रमबाट महाकवि देवकोटा क्याम्पसले उक्त प्रमाणपत्र प्राप्त गर्न सफल भएको थियो। क्याम्पसले १२० वटा खुट्किला पार गर्दै गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र नवीकरण गर्न सफल भएको छ। क्याम्पसले २०७८ फागुन १ मा LOI पेश गरेको थियो। सोही महिनाको ३० गते क्याम्पसद्वारा पेश गरिएको LOI पास भए पश्चात् वि.सं. २०७९ कार्तिक २१ गते क्याम्पसले SSR पेश गरेको थियो। विश्वविद्यालय अनुदान आयोगको Technical Committee द्वारा SSR को अध्ययन गरी पास गरे पश्चात् वि.सं.२०७९ माघ २३ मा प्रा.डा.शिवकुमार राई ज्यूको संयोजकत्व साथै विश्वविद्यालय अनुदान आयोगकी कर्मचारी भगवती पौडेल सहितको Peer Review Team गठन गरिएको थियो। उक्त Peer Review Team ले २०८० वैशाख १९ देखि २१ गते सम्म क्याम्पससँग सम्बद्ध समग्र पक्षहरु जस्तै क्याम्पसमा अध्ययनरत विद्यार्थीहरु, प्रध्यापनरत शिक्षक शिक्षिकाहरु, सङ्काय प्रमुख तथा संयोजकहरु, रोजगार दाताहरु, पूर्व विद्यार्थीहरु, अभिभावकहरु, क्याम्पस अन्तर्गतका विभिन्न शाखाहरु, कर्मचारीहरु, SAT, IQAC, क्याम्पस सञ्चालक समिति र क्याम्पस प्रमुखसँग अन्तर्क्रिया गरी महत्वपूर्ण सुझाव दिएको थियो। PRT द्वारा दिइएका सुझावहरुको सम्बोधन गरी क्याम्पसले प्रतिवेदन पेश गरेको थियो।

२०८० असोज ३ देखि ७ गते सम्म Final Visit सम्पन्न भएको छ। उक्त Final Visit मा प्रा.डा.शिवकुमार राईको संयोजकत्व साथै प्रा.डा.ज्योति उपाध्याय देवकोटा, विश्वविद्यालय अनुदान आयोगका सहनिर्देशक नारायण भण्डारीको सहभागिता रहेको थियो। क्याम्पसको तर्फबाट (QAA) प्रमाणपत्र नवीकरण गर्नको लागि SAT Committee निर्माण गरिएको थियो उक्त Committee मा संयोजक पदम पाण्डे, प्रकाश जि.सी. र वविन शर्मा सदस्य रहनु भएको थियो।

प्रस्तुत विषयलाई बुँदागत रुपमा यसप्रकार प्रस्तुत गरिएको छ।

- वि.सं. २०७६/१०/१४ (QAA) प्रमाणपत्र नवीकरण गर्नको लागि SAT Committee निर्माण
- वि.सं. २०७८ फागुन १ मा LOI पेश
- वि.सं. २०७८ फागुन ३० मा LOI पास
- वि.सं. २०७९ कार्तिक २१ गते क्याम्पसले SSR पेश
- वि.सं.२०७९ माघ २३ मा प्रा.डा.शिवकुमार राई ज्यूको संयोजकत्वमा PRT Formation
- PRT Pre Visit वि.सं. २०८० वैशाख १९ देखि २१ गते सम्म
- Progress Report Submission
- PRT Final Visit वि.सं. २०८० असोज ३ देखि ७ गते सम्म
- वि.सं. २०८० माघ १९ गतेको विश्वविद्यालय अनुदान आयोगको बोर्ड बैठकबाट महाकवि देवकोटा क्याम्पसको गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र नवीकरण गर्ने निर्णय
- वि.सं.२०८० फागुन ९ गते आयोगद्वारा आयोजना गरिएको विशेष कार्यक्रमबाट महाकवि देवकोटा क्याम्पसले उक्त (QAA) प्रमाणपत्र प्राप्त

## ११. उद्यमशीलता विकास कार्यक्रम (ESP) मा छनौट

महाकवि देवकोटा क्याम्पस विश्वविद्यालय अनुदान आयोग (UGC) नेपालद्वारा सञ्चालन गरिएको HERP कार्यक्रममा छनौट भई सफलता पूर्वक कार्य सम्पादन गरे पश्चात् हाल (Nurturing Program-NEHEP) कार्यक्रम अन्तर्गत उद्यमशीलता विकास कार्यक्रम (ESP) मा छनौट हुन सफल भएको छ। नेपाल भरीबाट छनौट भएका २५ वटा क्याम्पसहरु मध्ये १६ औं नम्बरमा देवकोटा क्याम्पस छनौट भएर पहिलो चरणको कार्य सम्पन्न भइसकेको छ। उक्त कार्यक्रममा छनौट भएपछि क्याम्पस अन्तर्गत सबै सङ्काय र तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई जानकारी गराई उद्यमी बन्न इच्छुक ४५ जना विद्यार्थी छनौट गरिएको थियो। छनौट भएका विद्यार्थीहरुमा उद्यमशीलता विकासको लागि विभिन्न कार्यक्रमहरु सञ्चालन भएका छन्।

### Beautician Training

मिति २०८१ जेठ १५ गतेका दिन यसै क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत ३ महिने Beautician Training उद्‌घाटनसत्र सम्पन्न भएको छ। विद्यार्थीहरुमा उद्यमशीलता विकास गर्नको लागि सञ्चालन गरिएको उक्त तालिमको उद्‌घाटनसत्रको कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछानेको अध्यक्षता, तीना वि.सी., सविता बुढामगर, समिरा मिया, सृष्टि मिया, सन्ध्या परियार, कमला क्षेत्रीको प्रशिक्षकत्व रहेको थियो। सो अवसरमा मोडेल एलिशा खड्का, क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ५७ जनाको उपस्थिति रहेको थियो। सोही तालिम अन्तर्गत तपसीलका तालिमहरु सञ्चालन गरिएको थियो।

- Glossy Makeup दुई हप्ता सञ्चालन गरिएको थियो।
- Party Makeup तीन हप्ता सञ्चालन गरिएको थियो।
- Nude Makeup चार हप्ता सञ्चालन गरिएको थियो।

### Workshop on Identifying Opportunities and Mindset

मिति २०८१ जेठ २० गतेका दिन यसै क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत दुई दिने Identifying Opportunities and Mindset कार्यशालाको शुभारम्भ भएको छ। उक्त कार्यशालाको उद्‌घाटनसत्रको कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछानेको अध्यक्षता, Co Founder CEO at Antarprerana निरज खनालको प्रशिक्षकत्व रहेको थियो। कार्यशालामा क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ५१ जनाको उपस्थिति रहेको थियो। उक्त कार्यशालाको पहिलो दिन Understanding Entrepreneurial Mindset सम्बन्धी कार्यक्रम साथै दोस्रो दिन Identifying Opportunities सम्बन्धी कार्यशाला सम्पन्न भएको थियो।

## Successful Entrepreneur Experience Sharing Program

मिति २०८१ जेठ २६ गतेका दिन यसै क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत Successful Entrepreneur Experience Sharing कार्यक्रम सम्पन्न भएको छ। क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा डेडी किचनका संस्थापक प्रबन्धक युवा उद्यमी कमल जंग कुवर प्रशिक्षक रहनु भएको थियो। उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ४१ जनाको उपस्थिति रहेको थियो।

## Operations Scale up Program

मिति २०८१ जेठ महिनाको २६ गतेका दिन यस क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत Operations Scaleup Program सम्पन्न भएको छ। क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा सिद्धिविनायक प्रा.लि. का वरिष्ठ प्रबन्धक निश्छल के.सी प्रशिक्षक रहनु भएको थियो। उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ४१ जनाको उपस्थिति रहेको थियो।

## Workshop on Business Canvas model

मिति २०८१ असार महिनाको १ गतेका दिन यस क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत दुई दिने Business Canvas model सम्बन्धी कार्यशाला सम्पन्न भएको छ। क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा कारखानाका प्रबन्धक पवित्रा बहादुर गौतम प्रशिक्षक रहनु भएको थियो। उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ३७ जनाको उपस्थिति रहेको थियो।

## Workshop on Entrepreneurial Mindset

मिति २०८१ असार महिनाको ६ गतेका दिन यस क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत एक दिने Entrepreneurial Mindset सम्बन्धी कार्यशाला सम्पन्न भएको छ। क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा किङ्स कलेज काठमाडौंका अध्यक्ष नरोत्तम अर्याल प्रशिक्षक रहनु भएको थियो। उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ५१ जनाको उपस्थिति रहेको थियो। व्यवसाय सुरुगर्नु पूर्व कसरी :ष्लमकभत गर्ने भन्ने जानकारी दिन उक्त कार्यशाला सञ्चालन गरिएको थियो।

## Social Entrepreneurship Program

मिति २०८१ असार महिनाको ७ गतेका दिन यस क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत दुई दिने Social Entrepreniurship कार्यक्रम सम्पन्न भएको छ। क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्ण प्रसाद लामिछानेको अध्यक्षता, निवर्तमान अध्यक्ष विष्णु प्रसाद पौडेल, क्याम्पस सञ्चालक समितिका सदस्य एवं क्याम्पस संरक्षक उमानाथ पोखरेल, क्याम्पस प्रमुख नारायण प्रसाद ढकाल, सहायक क्याम्पस प्रमुख, RMC संयोजक,

BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ५१ जनाको उपस्थिति रहेको थियो । दोस्रो दिनको कार्यक्रम मिति २०८१ असार महिनाको ८ गतेका दिन यस क्याम्पसको सभाहलमा सम्पन्न भएको छ । क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा टेक्काका प्रबन्धक शैलजा कसौजु प्रशिक्षक रहनु भएको थियो उक्त दिनको कार्यक्रममा सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ३५ जनाको उपस्थिति रहेको थियो ।

## Workshop on Legal Foundations for Startup

मिति २०८१ असार महिनाको १५ गतेका दिन यस क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत एक दिने Legal Foundations for Startup सम्बन्धी कार्यशाला सम्पन्न भएको छ । क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा सर्वोच्च अदालतका न्यायाधिश सरोज कृष्ण घिमिरे प्रशिक्षक रहनु भएको थियो । उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ३० जनाको उपस्थिति रहेको थियो । उद्यमी बन्नको लागि नेपालको कानुनी प्रक्रिया के कस्तो छ भन्ने बारेमा जानकारी दिन उक्त कार्यशाला सञ्चालन गरिएको थियो ।

## Workshop on Marketing Essentials for startup

मिति २०८१ असार महिनाको २१ गतेका दिन यस क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत दुई दिने Marketing Essentials for startup सम्बन्धी कार्यशाला सम्पन्न भएको छ । क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा Marketing Consultant पुष्कर शर्मा प्रशिक्षक रहनु भएको थियो । उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ४७ जनाको उपस्थिति रहेको थियो । विद्यार्थीहरुलाई बजारको अवस्थाको बारेमा जानकारी दिन कार्यशाला सञ्चालन गरिएको थियो ।

## Workshop on Fundamental Literacy for startup

मिति २०८१ साउन महिनाको १२ गतेका दिन यस क्याम्पसको सभाहलमा उद्यमशीलता विकास कार्यक्रम अन्तर्गत एक दिने Fundamental Literacy for stratup सम्बन्धी कार्यशाला सम्पन्न भएको छ । क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको अध्यक्षतामा सञ्चालन भएको उक्त कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्व निर्देशक भुवन कण्डेल प्रशिक्षक रहनु भएको थियो । उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख, RMC संयोजक, BBA संयोजक साथै उद्यमी बन्न इच्छुक विद्यार्थीहरु गरी ३५ जनाको उपस्थिति रहेको थियो । उद्यमी बन्नको लागि नेपालको आर्थिक अवस्था र अर्थनीतिको बारेमा जानकार हुनु पर्ने हुनाले कार्यशाला सञ्चालन गरिएको थियो ।

# १२. क्याम्पस अर्न्तगतका विभिन्न सङ्काय तथा शाखाहरू

महाकवि देवकोटा क्याम्पस भित्रका शैक्षिक तथा प्रशासनिक कार्यहरूलाई थप व्यवस्थित र प्रभावकारी रूपमा सम्पन्न गर्नको लागि यस क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ मा उल्लेख भए अनुसार विभिन्न शाखाहरू साथै सङ्कायहरूको गठन गरी हरेक शाखा तथा सङ्कायहरूलाई जिम्मेवारी समेत प्रदान गरिएको छ। तिनै शाखाहरू अनि सङ्कायहरूको परिचय तल प्रस्तुत गरिएको छ।

## IQAC

महाकवि देवकोटा क्याम्पस गैरनाफामूलक सामुदायिक शैक्षिक संस्था हो। क्याम्पस सञ्चालनको लागि क्याम्पस सभाले क्याम्पस सञ्चालक समिति चयन गर्ने गर्दछ र सोही समितिले क्याम्पस सञ्चालनको सम्पूर्ण जिम्मेवारी लिएको हुन्छ। क्याम्पस सञ्चालक समितिको मातहतमा रही समग्र पक्षहरूको निरिक्षण गरी क्याम्पसको भौतिक र शैक्षिक स्तर उकास्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-१० अनुसार क्याम्पसमा IQAC शाखा गठन गरिएको छ। क्याम्पसका शैक्षिक, प्रशासनिक र भौतिक गतिविधिमा यस शाखाले MONITOR को काम गर्दछ। ७ जना सदस्य रहेको यो शाखाको संयोजक क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल हुनुहुन्छ भने सदस्य सचिवमा शिक्षक बविन शर्मा रहनु भएको छ। यो शाखाले क्याम्पसका शैक्षिक गतिविधिहरूको निरिक्षण गरी उत्कृष्ट शैक्षिक गुणस्तर कायम गर्न विभिन्न उपायहरूको खोजी गरी कार्यान्वयनको लागि पहल गर्ने गर्दछ। उत्कृष्ट शैक्षिक नतिजा प्राप्त गर्नको लागि शिक्षक शिक्षिकाहरूका लागि विभिन्न किसिमका तालिमहरू उपलब्ध गराउने साथै विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ।

## व्यवस्थापन र शिक्षा तथा मानविकी सङ्काय

महाकवि देवकोटा क्याम्पसको अध्ययन अध्यापन कार्यलाई व्यवस्थित बनाउनको लागि क्याम्पसमा व्यवस्थापन र शिक्षा तथा मानविकी सङ्कायको स्थापना गरिएको छ। शिक्षक बबिन शर्मा सापकोटाको संयोजकत्वमा शिक्षा तथा मानविकी साथै भिमलाल ढकालको संयोजकत्वमा व्यवस्थापन सङ्काय स्थापना गरिएको छ। सम्बन्धित सङ्कायमा अध्यापनरत शिक्षकहरू सदस्य रूपमा रहने व्यवस्था रहेको छ। क्याम्पस अन्तर्गतका यी दुवै सङ्कायहरूले क्याम्पसको पठनपाठनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन विभिन्न किसिमका नीति निर्माण र योजना बनाउने कार्य गर्दै आएका छन्। साथै यी दुवै शाखाहरूले शिक्षकहरूको वृत्तिविकासको लागि विभिन्न किसिमका योजना निर्माण गर्ने गर्दछन्। यी दुवै सङ्कायहरू क्याम्पसमा अध्ययनरत विद्यार्थी र प्रध्यापनरत शिक्षकहरूका समस्यामा केन्द्रित रहने र समस्या समाधानका लागि विभिन्न कार्यहरू गर्ने गर्दछन्।

## सार्वजनिक सूचना शाखा

महाकवि देवकोटा क्याम्पससँग सम्बन्धित सम्पूर्ण सूचना सरोकारवालाहरू समक्ष पुऱ्याउने उद्देश्यले महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद–१२ अनुसार क्याम्पसमा सार्वजनिक सूचना शाखा गठन गरिएको छ। शिक्षक हरिदत्त शर्माको संयोजकत्वमा गठन गरिएको यो शाखाले वार्षिक शैक्षिक क्यालेण्डर, देवकोटा सन्देश नामक अर्धवार्षिक बुलेटिन, प्रोस्पेक्टस जस्ता सूचनामूलक सामग्रीहरू प्रकाशन गरी सूचना तथा जानकारी प्रवाह गर्ने गर्दछ। प्रकाशित सामग्रीहरूलाई अझै राम्रो बनाउन पृष्ठपोषण संकलन गर्ने कार्य पनि यो शाखाले गर्दै आएको छ। विद्यार्थीहरूका सुझाव र गुनासाहरू संकलन गर्न क्याम्पसमा राखिएको सुझाव पेटिकालाई व्यवस्थित गर्ने कार्य पनि यो शाखाले गर्दछ। त्यति मात्रै नभएर यो शाखाले क्यम्पससंग सम्बन्धित अत्यावश्यक सूचना एफ.एम

रेडियो, पत्रपत्रिका र टेलिभिजनको मध्यमबाट पनि सार्वजनिक गर्दै आएको छ। साथै यो शाखाले क्याम्पसले गरेका विभिन्न कार्यक्रमहरूलाई अनलाइन मिडिया,वेभ पेज, फेसबुक आदिको माध्यमबाट पनि प्रकाशन गर्दै आएको। यो शाखा आफ्नो छुट्टै कार्यविधि अनुसार सञ्चालन हुँदै आएको छ।

## आन्तरिक परीक्षा शाखा

महाकवि देवकोटा क्याम्पसको शैक्षिक गुणस्तर उकासी उत्कृष्ट शैक्षिक नतिजा हाँसिल गर्न साथै परीक्षा र प्रश्नपत्रहरूमा विद्यार्थीहरूलाई अभ्यस्त गराउन महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम.२०७१ को परिच्छेद-८ अनुसार क्याम्पसमा आन्तरिक परीक्षा शाखा गठन गरिएको छ। यो शाखाले क्याम्पसमा सञ्चालन गरिने आन्तरिक परीक्षालाई व्यवस्थित गर्ने गर्दछ। शिक्षक चिरञ्जिबी बस्याल संयोजक रहनु भएको सो शाखामा दुई सदस्य रहनु भएको छ। विद्यार्थीहरूलाई परीक्षा प्रश्नपत्र र उत्तर दिने तरिका अवगत गराउँदै शैक्षिक नतिजा वृद्धि गर्ने उद्देश्यले स्थापना गरिएको यो शाखाले वार्षिक रूपमा तीन वटा परीक्षा सञ्चालन गर्ने गर्दछ। साथसाथै आन्तरिक परीक्षाको नतिजा प्रकाशन र समीक्षा साथै अन्तिम परीक्षाको नतिजा समीक्षा गर्ने काम समेत यसै शाखाद्वारा सम्पादन हुँदै आएको छ।

## विद्यार्थी परामर्श शाखा

महाकवि देवकोटा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई पर्ने हरेक किसिमका समस्याहरूको समाधान गर्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-९ अनुसार क्याम्पसमा विद्यार्थी परामर्श शाखाको गठन गरिएको छ। ५ जना सदस्य रहेको यो शाखाको संयोजक शिक्षक सूर्यप्रसाद ढकाल रहनु भएको छ। विद्यार्थीहरूका हरेक समस्यामा साथ दिने उद्देश्यले स्थापित यो शाखाबाट छात्रवृत्ति वितरण कार्यविधि निर्माण गर्ने, छात्रवृत्ति वितरणको लागि विद्यार्थी छनौट गर्ने, विद्यार्थीहरूको व्यक्तित्व विकासका लागि विभिन्न तालिम, गोष्ठि, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, प्रचार प्रसारको लागि पम्पलेट, पोस्टर जस्ता विभिन्न विज्ञापन सामग्री निर्माण गर्ने, विद्यार्थीहरूलाई रोजगारीको लागि पहल गरिदिने जस्ता कार्यहरू सम्पादन हुँदै आएका छन्।

## अतिरिक्त क्रियाकलाप शाखा

महाकवि देवकोटा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूमा अन्तर्निहित प्रतिभा पहिचान गरी उक्त प्रतिभा प्रष्फुटन गर्न विभिन्न प्रतियोगिता सञ्चालन गर्नको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-११ अनुसार अतिरिक्त क्रियाकलाप शाखा गठन गरिएको छ। शिक्षिका सुलोचना अर्याल संयोजक रहनु भएको यो शाखामा ५ सदस्य रहनु भएको छ। यो शाखाले वार्षिक शैक्षिक क्यालेण्डरमा उल्लेख गरिए अनुसारका कविता लेखन/वाचन, निबन्ध लेखन, वादविवाद, वक्तृत्वकला, जस्ता पढाइलाई सहयोग पुऱ्याउने प्रतियोगितात्मक कार्यक्रमहरू सञ्चालन गर्दछ। यसका अतिरिक्त भलिवल, फुटसल, क्रिकेट, लङजम्प, सटपुट, स्लो साइकल रेस, म्युजिकल चेयर जस्ता प्रतियोगितात्मक कार्यक्रमहरू यस शाखाद्वारा सञ्चालन हुने गर्दछन्। त्यति मात्र नभएर विभिन्न समयमा तालिम र प्रशिक्षण कार्यक्रम पनि यस शाखाले सञ्चालन गर्ने गर्दछ।

## अनुसन्धान व्यवस्थापन शाखा

महाकवि देवकोटा क्याम्पसमा प्रध्यापनरत शिक्षक तथा अध्ययनरत विद्यार्थीहरूको प्राज्ञिक उन्नयनको लागि महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-६ अनुसार अनुसन्धान शाखा गठन गरिएको छ। शिक्षक र विद्यार्थी दुबैमा प्राज्ञिक रुचि जगाउने र प्राज्ञिक कार्यतर्फ आकर्षित गर्ने उद्देश्यले स्थापना गरिएको यो शाखाको संयोजक शिक्षक विकाश राना रहनु भएको छ। अनुसन्धान विनाको शिक्षा अपूर्ण हुने हुनाले क्याम्पसमा

अध्ययनरत विद्यार्थीहरू र प्रध्यापनरत शिक्षक शिक्षिकाहरूलाई अनुसन्धान मुखी शिक्षा दिन र विद्यार्थीहरूलाई अनुसन्धानमा लाग्न प्रेरित गर्ने कार्य यो शाखाले गर्दछ। विभिन्न विषय क्षेत्रसंग सम्बन्धित अनुसन्धानमूलक लेख रचना संकलन गरी वार्षिक रूपमा Devkota Journal of Interdisciplinary Studies नामक पुस्तक प्रकाशन गर्ने साथै अनुसन्धानका लागि विद्यार्थी र शिक्षकहरूलाई लक्षित गरी समय समयमा तालिम सञ्चालन गर्ने र अनुसन्धानको लागि विद्यार्थी र शिक्षकहरूलाई प्रेरित गर्ने कार्य समेत यो शाखाले सम्पादन गर्दै आएको छ।

## शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली

क्याम्पससँग सम्बन्धीत विभिन्न किसिमका तत्थ्याङ्क तथा सूचनाहरूलाई व्यवस्थित रूपमा राखी सरोकारवालाहरूले माग गरे अनुसारका सूचना उपलब्ध गराउने उद्देश्यले महाकवि देवकोटा क्याम्पसको शैक्षिक प्रशासन विनियम २०७१ को परिच्छेद-१४ अनुसार यस क्याम्पसमा EMIS शाखाको गठन गरिएको छ। यो शाखाले यम्पसका सूचना प्रविधिसँग सम्बन्धित सामग्रीहरूको संरक्षण र प्रयोग गर्ने र सूचनालाई WEB को माध्यमबाट update गर्ने कार्य गर्दछ। ३ सदस्य रहेको यो शाखाको संयोजक विश्वास श्रेष्ठ हुनुहुन्छ। क्याम्पसका विभिन्न तथ्याङ्क र सूचनाहरूलाई व्यवस्थित गर्नको लागि शैक्षिक व्यवस्थापन तथा सूचना प्रणलीको (EMIS) स्थापना गरिएको छ।

## नयाँ विद्यार्थी भर्ना शाखा

स्नातक तहमा अध्ययन गर्न शैक्षिक योग्यता पुगेका कक्षा ११ र १२ उत्तीर्ण गर्न सफल विद्यार्थीहरूलाई महाकवि देवकोटा क्याम्पसको स्नातक तह प्रथम वर्षमा नयाँ विद्यार्थी भर्ना गर्नको लागि यस क्याम्पसमा नयाँ विद्यार्थी भर्ना शाखाको स्थापना गरिएको छ। यो शाखाले विद्यार्थी भर्नाको लागि योजना बनाई कार्यक्रम सञ्चालन गर्ने गर्दछ। महाकवि देवकोटा क्याम्पस शैक्षिक प्रशासन विनियम २०७१ अनुसार गठन गरिएको यो शाखाको संयोजकमा शिक्षक हरिप्रसाद बस्याल रहनु भएको छ। विद्यार्थी भर्नासंग सम्बन्धित विज्ञापन बनाउने, पोष्टरहरू टास्ने, भर्नाको लागि सम्बन्धित विद्यालयमा गएर विभिन्न किसिमका अभिमूखिकरण कार्यक्रमहरू सञ्चालन गर्ने, होडिङबोर्ड बनाउने र टाँस्ने, भर्नाको सूचना प्रवाह गर्ने, प्रवेश परीक्षा सञ्चालन गर्ने साथै नतीजा प्रकाशन गर्ने जस्ता कार्यहरू यो शाखाले सम्पादन गर्दै आएको छ।

## मन्टेश्वरी शाखा

महाकवि देवकोटा क्याम्पसले पढाइको अतिरिक्त विद्यार्थीहरूमा शिक्षण सीपको विकास गर्न मन्टेश्वरी कक्षा सञ्चालन गरेको छ। सैद्धान्तिक ज्ञानले मात्रै शिक्षणकार्य प्रभावकारी नहुने र त्यसको लागि व्यावहारिक ज्ञान नै आवश्यक ठानी विशेष गरेर यसै क्याम्पसमा अध्ययन गर्ने B.Ed. संङ्कायका विद्यार्थीहरूलाई लक्षित गरी यस क्याम्पसमा मन्टेश्वरी शाखा स्थापना गरिएको छ। महाकवि देवकोटा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई मात्र नभएर क्याम्पस वरपर रहेका इच्छुक व्यक्ति तथा संस्थाहरूलाई मन्टेश्वरी तालिम प्रदान गर्ने लक्ष्यका साथ शिक्षिका सुलोचना अर्यालको संयोजकत्वमा यो शाखाको स्थापना गरिएको छ। यो शाखाले आधुनिक शिक्षा पद्धति अनतर्गतको 'Learning by Doing' विधिको उपयोग गरी कसरी साना साना नानी बाबुहरूलाई बिना डर त्रास खेलको माध्यमबाट सिकाउन सकिन्छ भनेर समसामयिक किसिमबाट तालिम सञ्चालन गर्दै आएको छ। वि.सं. २०७२ सालमा स्थापना भएको यो शाखाले हालसम्म ३६० भन्दा बढी विद्यार्थीहरूलाई उक्त तालिम प्रदान गरिसकेको छ भने यस शाखाबाट तालिम प्राप्त विद्यार्थीहरूले विभिन्न शैक्षिक संस्थामा सजिलै रोजगारी समेत प्राप्त गरेका छन्।

# १३. विद्यार्थीको नेतृत्व विकास सम्बन्धी विभिन्न समूहहरू

महाकवि देवकोटा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुमा नेतृत्व क्षमता विकास गर्नको लागि विभिन्न समूह बनाएर विद्यार्थीहरुलाई सक्रिय बनाइएको छ। विद्यार्थीहरु संलग्न विभिन्न समूह यस प्रकार रहेका छन्।

### महाकवि देवकोटा क्याम्पस विद्यार्थी परिषद्

क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुमा नेतृत्व सीपको विकास गर्न साथै विद्यार्थीहरुलाई क्याम्पसको निर्णायक तहमा पुर्याउनको लागि क्याम्पसमा महाकवि देवकोटा क्याम्पस विद्यार्थी परिषद् गठन गरिएको छ। उक्त परिषद्ले क्याम्पसको समग्र पक्षको विकासमा महत्वपूर्ण सहयोग पुर्याउँदै आएको छ। क्याम्पसको निर्णायक तह क्याम्पस सञ्चालक समितिमा विद्यार्थीहरुका सुझाव पुर्याउनको लागि परिषद्को सभापतिलाई सञ्चालक समितिको बैठकमा सहभागी गराउने व्यवस्था समेत गरिएको छ।

### युवा रेडक्रस सर्कल

विद्यार्थीहरुमा समाजसेवा र मानवसेवाको भावना विकास गर्नको लागि महाकवि देवकोटा क्याम्पस युवा रेडक्रस सर्कल गठन गरिएको छ। सर्कलमा आवद्ध विद्यार्थीहरुले विभिन्न ठाउँमा गएर बाढी, पहिरो, आगजनीको कारणले गर्दा समस्यामा परेका मानिसहरुलाई सहयोग गर्दै आएका छन्। त्यसका अतिरिक्त दुर्घटना भएको ठाउँमा गएर मानवसेवा र समाजसेवाका कार्यहरु गर्दै आएका छन्।

### सांस्कृतिक समूह

नेपाल बहुजातिय, बहुभाषिक साथै बहुसांस्कृतिक राष्ट्र हो। नेपाली संस्कृतिको जगेर्ना गर्ने साथै विद्यार्थीहरुमा सांस्कृतिक चेतनाको विकास गराउनको लागि महाकवि देवकोटा क्याम्पस सांस्कृतिक समूह गठन गरी विद्यार्थीहरुलाई संस्कृति प्रति सचेत बनाइएको छ। यस समूहमा आवद्ध विद्यार्थीहरुले अतिरिक्त क्रियाकलाप शाखासंग सहकार्य गरी विभिन्न सांस्कृतिक कार्यक्रमहरु गर्दै आएका छन्।

### देवकोटा साहित्यिक समाज

साहित्य समाजको प्रतिबिम्ब हो। समाजका हरेक गतिविधिहरु साहित्यको माध्यमबाट पढ्न र बुझ्न सकिन्छ। क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुमा सिर्जनशीलता विकास गर्नको लागि महाकवि देवकोटा क्याम्पस साहित्यिक समाज गठन गरी विद्यार्थीहरुलाई साहित्य प्रति सक्रिय बनाइएको छ। यस समाजमा संलग्न विद्यार्थीहरुले कविता लेखन तथा वाचन, निबन्ध लेखन, कथा लेखन जस्ता साहित्यिक कार्यक्रमहरु संचालन गर्दै आएका छन्।

### खेलकुद समूह

विद्यार्थीहरुमा रहेका फरक फरक क्षमता पहिचान गरी विद्यार्थीहरुलाई अगाडि बढाउन साथै विद्यार्थीहरुलाई स्वस्थ राख्न महाकवि देवकोटा क्याम्पस खेलकुद समूह गठन गरिएको छ। यस समूहमा आवद्ध विद्यार्थीहरुले क्याम्पसभित्र फुटबल, फुटसल, भलिबल, क्रिकेट, बास्केटबल, चेस, रिले दौड लगायतका खेलकुद प्रतियोगिता सञ्चालन गर्दै आएका छन् भने क्याम्पस बाहिर विभिन्न ठाउँमा सञ्चालन गरिएका खेलकुद प्रतियोगितामा भाग लिएर क्याम्पस साथै आफ्नो पहिचान बढाउने कार्य समेत गर्दै आएका छन्।

### सिर्जनात्मक समूह

विद्यार्थीहरुमा सिर्जनशीलताको विकास गर्न महाकवि देवकोटा क्याम्पस सिर्जनात्मक समूह गठन गरिएको छ। यस समूहमा आवद्ध विद्यार्थीहरुले कविता लेखन तथा वाचन, निबन्ध लेखन, कथा लेखन जस्ता विभिन्न किसिमका सिर्जनात्मक कार्यक्रमहरु सञ्चालन गर्दै आएका छन्।

### वातावरण संरक्षण समूह

वातावरण अनुकूल नभएको खण्डमा हामी बाँच्न सकिँदैन त्यसकारण वातावरण सफा र स्वच्छ राख्न साथै यसको संरक्षण गर्न महाकवि देवकोटा क्याम्पस वातावरण संरक्षण समूह गठन गरी विद्यार्थीहरुलाई सक्रिय बनाइएको छ। यस समूहमा आवद्ध विद्यार्थीहरुले क्याम्पस हाताभित्रको वातावरण सफा र स्वच्छ राख्न वृक्षारोपण, पुष्परोपण, सरसफाई जस्ता कार्यक्रम साथै क्याम्पस बाहिर धार्मिक तथा पर्यटकीय स्थलको सरसफाई कार्य गर्दै आएका छन्।

## १४. आ.व. २०८०/०८१ मा क्याम्पसले गरेका विभिन्न कार्यक्रमहरू

### Case Analysis Workshop

महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा मिति २०८०/०४/२६ गतेका दिन यसै क्याम्पसको स्नातक तह व्यवस्थापन सङ्काय अन्तर्गत BBA दोस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूको लागि एक दिने Case Analysis Workshop सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षता, SEO Analytics, Business Analytics प्रकृति शर्माको प्रशिक्षकत्वमा सञ्चालन भएको उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी., BBA संयोजक ताराप्रसाद पाण्डे, शिक्षा तथा मानविकी सङ्काय प्रमुख बबिन शर्मा, व्यवस्थापन सङ्काय प्रमुख भिमलाल ढकाल, ECA संयोजक सुलोचना अर्याल, MBS संयोजक पदम पाण्डे, अनुसन्धान व्यवस्थापन शाखाका प्रमुख विकाश राना, BBA दोस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरू गरी ४० बढीको सहभागिता रहको थियो। उक्त कार्यक्रममा प्रशिक्षक शर्माले सर्वप्रथम Case Analysis गर्ने तरिका बताउँदै सहभागी विद्यार्थीहरूलाई Case Analysis गर्न लगाउनु भएको थियो। सोही कार्यक्रममा उत्कृष्ट Case Analysis गर्ने समूहलाई पुरस्कार समेत प्रदान गरिएको थियो। कार्यक्रम समापनको अवसरमा बोल्दै क्याम्पस प्रमुख ढकालले BBA कार्यक्रमको लक्ष्यअनुसार प्रयोगात्मक ज्ञान दिनको लागि उक्त कार्यक्रमको आयोजना गरिएको बताउँदै यस्ता कार्यक्रमले विद्यार्थीहरूमा प्रयोगात्मक ज्ञान र सीपको विकास हुने हुनाले विद्यार्थीहरूको सक्रिय सहभागिता रहनु पर्ने विचार व्यक्त गर्नु भयो। कार्यक्रममा BICTE कार्यक्रमका संयोजक शिक्षक हरिदत्त शर्माले सहजीकरण गर्नु भएको थियो।

### Self Confidence सम्बन्धी Motivational Class

मिति २०८०/०४/२१ गतेका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा Self Confidence सम्बन्धी Motivational Class सम्पन्न भएको छ।

क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षता, क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यता रहेको सो कार्यक्रममा त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्काय केन्द्रीय विभागका उप-प्राध्यापक फुलप्रसाद सुवेदी प्रमुख प्रशिक्षक रहनु भएको थियो। स्नातक तहको अध्ययन गर्ने विद्यार्थीहरूमा बढ्दै गइरहेको नैराश्यतालाई केही हदसम्म भए पनि कमगर्ने, आत्मविश्वास बढाउने साथै सकारात्मक सोचको विकास

गराउने उद्देश्यले सञ्चालन भएको उक्त कार्यक्रममा यसै क्याम्पसका सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुखहरू, BBA र BICTE कार्यक्रमका संयोजकहरू साथै BBA तेस्रो र पाँचौं सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरू गरी ६० बढीको सहभागिता रहेको थियो । उक्त प्रशिक्षण कार्यक्रममा प्रशिक्षक सुवेदीले विद्यार्थीहरूमा आत्मविश्वास बढाउने र सकारात्मक सोचको विकासको लागि प्रेरणादायी भनाइ र उदाहरण दिएर प्रशिक्षित गर्नु भएको थियो । सो कार्यक्रममा प्रमुख अतिथि लामिछानेले गरे के हुँदैन भन्दै नेपालमै बसेर लाखौँ कमाएको उदाहरण दिएर विद्यार्थीहरूलाई उत्प्रेरणा प्रदान गर्नुभयो ।

## छात्रवृत्ति वितरण कार्यक्रम

मिति २०८०/०४/३१ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गतको विद्यार्थी परामर्श शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा गरिब तथा जेहेनदार विद्यार्थीहरूलाई पढाइमा थप अभिरुचि जगाउन र पढाइ प्रति आकर्षित गर्ने उद्देश्यले छात्रवृत्ति वितरण कार्यक्रम सम्पन्न भएको छ ।

गरिब तथा जेहेनदार विद्यार्थीहरू आर्थिक अभावको कारणले पढ्ने अवसरबाट बञ्चित हुन नपरोस् भन्ने उद्देश्यका साथ विद्यार्थी परामर्श शाखाले विगतका वर्षहरूमा जस्तै यस वर्ष पनि छात्रवृत्ति वितरण गर्ने कार्यक्रमको आयोजना गरेको छ । क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता, प्रतिनिधि सभा सदस्य माननीय सांसद ध्रुवबहादुर प्रधानको प्रमुख आतिथ्यता, सुनवल नगरपालिकाका नगरप्रमुख एवम् क्याम्पस सञ्चालक समिति सदस्य विमला अर्यालको विशिष्ट आतिथ्यता रहेको सो कार्यक्रममा क्याम्पस सञ्चालक समितिका निवर्तमान अध्यक्ष एवम् क्याम्पस संरक्षक विष्णुप्रसाद पौडेल विशेष अथिति रहनुभएको थियो । उक्त कार्यक्रममा सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण पङ्गेनी, उद्योग वाणिज्य संघ नेपालका केन्द्रिय सदस्य केशवप्रसाद भण्डारी लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा क्याम्पस सञ्चालक समितिका अन्य पदाधिकारी, समाजसेवी, अभिभावक, प्राध्यापक, कर्मचारी र विद्यार्थी गरी १८० जनाको सहभागिता रहेको थियो ।

उक्त कार्यक्रममा जम्मा १०,४२,०००/- रुपैयाँ विभिन्न सङ्कायमा अध्ययन गर्ने ११० जना विद्यार्थीहरूले प्राप्त गरेका थिए । छात्रवृत्ति प्राप्त गर्न सफल विद्यार्थीहरूलाई टीका तथा पुष्पगुच्छा साथै छात्रवृत्ति रकम प्रदान गरी हौसला बढाइएको थियो । पढाई, आर्थिक अवस्था, नियमितता, अनुशासन साथै दलित जनजाति जस्ता विषयहरूलाई मूल्याङ्कनको आधार बनाइएको जानकारी विद्यार्थी परामर्श शाखाका संयोजक सूर्यप्रसाद ढकालले दिनुभयो ।

शुभकामना मन्तव्य प्रस्तुत गर्दै विशिष्ट अतिथि अर्यालले QAA प्राप्त गरिसकेको वर्तमान परिस्थितिमा यस क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरू पनि जिम्मेवार हुनु पर्ने विचार राख्दै छात्रवृति प्राप्त गर्ने सम्पूर्ण विद्यार्थीहरूलाई शुभकामना दिनुभयो । उक्त कार्यक्रमा प्रमुख अतिथि प्रतिनिधि सभा सदस्य माननीय सांसद प्रधानले सामुदायिक स्तरमा सञ्चालित देवकोटा क्याम्पसले यस क्षेत्रको गुणस्तरीय शिक्षामा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै क्याम्पसलाई आवश्यक पर्ने जस्तो सुकै सहयोग गर्न आफू तयार भएको विचार व्यक्त गर्नुभयो ।

समापन मन्तव्यका क्रममा सभाध्यक्ष लामिछानेले छात्रवृत्ति रकमले विधार्थीहरूलाई पढाइप्रति उत्प्रेरित गर्ने विचार राख्नुभयो । सो कार्यक्रममा शिक्षक सूर्यप्रसाद ढकालको स्वागत मन्तव्य साथै उप-प्राध्यापक हरिदत्त शर्माको सञ्चालन रहेको थियो ।

## वृक्षरोपण कार्यक्रम

मिति २०८०/०४/१२ गतेका दिन क्याम्पसको शैक्षिक क्यालेण्डरमा उल्लेख भएअनुसार महाकवि देवकोटा क्याम्पस अन्तर्गतको अतिरिक्त शाखाको आयोजनामा क्याम्पसको बाह्य सौन्दर्यता वृद्धि गर्ने उद्देश्यले वृक्षरोपण तथा पुष्परोपण कार्यक्रम सम्पन्न भएको छ ।

अतिरिक्त क्रियाकलाप शाखा संयोजक उप-प्राध्यापक सुलोचना अर्यालको अध्यक्षता, क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको उक्त कार्यक्रममा BICTE संयोजक उप-प्राध्यापक हरिदत्त शर्मा, SQC सदस्य सचिव उप-प्राध्यापक दधिराम पौडेल, शिक्षिका पवित्रा पौडेल साथै क्याम्पस अन्तर्गतको BBS, B.Ed. सङ्कायमा अध्ययनरत विद्यार्थीहरू गरी ५० बढीको सहभागिता रहेको थियो । सो अवसरमा अम्बा, सयपत्री, लिची, कागती लगायतका करिब ३०० विरुवा रोपिएको थियो ।

## सांस्कृतिक समूह गठन

मिति २०८०/०५/१८ गतेका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा क्याम्पस अन्तर्गत BBS, B.Ed. सङ्कायमा अध्ययनरत विद्यार्थीहरूको उपस्थितिमा विभिन्न किसिमका सांस्कृतिक कार्यक्रम गरी नेपाली संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले सांस्कृतिक समूह गठन गरिएको छ ।

महाकवि देवकोटा क्याम्पस शिक्षाशास्त्र सङ्काय प्रमुख उप-प्राध्यापक बबिन शर्मा, अतिरिक्त क्रियाकलाप शाखा संयोजक उप-प्राध्यापक सुलोचना अर्याल साथै सार्वजनिक सूचना शाखाका संयोजक उप-प्राध्यापक हरिदत्त शर्मा लगायतका प्राध्यापकहरूको उपस्थितिमा सम्पन्न भएको उक्त कार्यक्रममा व्यवस्थापन सङ्काय चौथो वर्षमा अध्ययनरत छात्रा पूजा बस्यालको अध्यक्षतामा १० सदस्यीय सांस्कृतिक समूह गठन गरिएको थियो । नेपालका विभिन्न जात जातिका विभिन्न पर्व तथा उत्सवहरूमा सांस्कृतिक कार्यक्रमहरू सञ्चालन गरेर जातिगत अस्तित्व निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउने उद्देश्यले सांस्कृतिक समूह गठन गरिएको सार्वजनिक सूचना शाखाका संयोजक उप-प्राध्यापक शर्माले बताउनु भयो ।

## आत्महत्या रोकथाम सम्बन्धी सचेतना कार्यक्रम

मिति २०८०/०५/२४ गतेका दिन जिल्ला प्रहरी कार्यालय नवलपरासीको आयोजना साथै महाकवि देवकोटा क्याम्पसको आतिथ्यतामा यसै क्याम्पसको सभाहलमा आत्महत्या रोकथाम सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

विश्व आत्महत्या नियन्त्रण दिवसको विशेष अवसर पारी कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा जिल्ला न्यायधिवक्ता कृष्णचन्द्र पाण्डेको अध्यक्षता, प्रहरी उपरीक्षक काजी कुमार आचार्यको विशेष आतिथ्यता रहेको उक्त कार्यक्रम सहायक जिल्ला न्यायधिवक्ता काशी कुमार लोध, सुनिल लामिछाने, महाकवि देवकोटा क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसद लामिछाने, क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल, अतिरिक्त क्रियाकलाप शाखा संयोजक साथै स्नातक तह व्यवस्थापन सङ्काय र शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीहरू गरी करिब १५० बढीको सहभागितामा सञ्चालन भएको थियो । कार्यक्रममा जिल्ला न्यायधिवक्ता कृष्णचन्द्र पाण्डेले आत्महत्या दुरुत्साहन सम्बन्धी कानुनी प्रावधानको बारेमा स्पष्ट पार्नु भएको थियो । सोही अवसरमा प्रहरी उपरीक्षक आर्चायले नेपालमा साथै नवलपरासी जिल्लामा आत्महत्याको अवस्थाको बारेमा स्पष्ट पार्दै आत्महत्या गर्ने कारण र त्यसलाई रोकथाम गर्ने उपाय बताउनु भएको थियो ।

## तीज विशेष नृत्य प्रतियोगिता

मिति २०८०/०५/२९ गते शुक्रबारका दिन नेपाली संस्कृतिको जर्गेना गर्ने साथै क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई हाम्रो संस्कृतिको बारेमा परिचित गराउने उद्देश्यले हिन्दू महिलाहरूको महान् पर्व हरितालिका तीजको विशेष अवसर पारेर अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा तीज गीत तथा नृत्य प्रतियोगिता सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षता, सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यतामा सम्पन्न भएको सो प्रतियोगितामा व्यवस्थापन सङ्काय प्रमुख उप-प्राध्यापक भिमलाल ढकाल, अतिरिक्त क्रियाकलाप शाखाकी संयोजक उप-प्राध्यापक सुलोचना अर्याल र शिक्षिका पवित्रा पौडेल निर्णायक मण्डलमा रहनुभएको थियो । सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुखहरू क्याम्पसको बी.बी.एस. तथा बी.एड. सङ्कायमा अध्ययनरत विद्यार्थीहरू गरी करिव १७५ बढीको सहभागिता रहेको थियो । जम्मा ९ वटा समूहको प्रतिस्पर्धा रहेको सो प्रतियोगितामा तीन जना निर्णायकद्वारा जम्मा १०० पूर्णाङ्कमा मूल्याङ्कन गरिएको थियो। जसमा प्रतिभा भुषालको समूह प्रथम, कविता न्यौपाने द्वितीय साथै मनिषा न्यौपाने तृतीय भएका थिए। कार्यक्रममा प्रमुख अतिथि लामिछानेले देवकोटा क्याम्पसले नेपाली संस्कृतिको जर्गेना गर्न विभिन्न पर्व र उत्सवहरूमा विभिन्न प्रकारका सांस्कृतिक कार्यक्रमहरूको आयोजना गर्ने गरेको भन्दै विद्यार्थीहरूलाई यस्ता सांस्कृतिक कार्यक्रममा सहभागी हुन आग्रह गर्नुभयो। समापन मन्तव्यको क्रममा सभाध्यक्ष ढकालले कार्यक्रममा प्रतिस्पर्धाको लागि सहभागी प्रतियोगी विद्यार्थीहरू, अप्रतियोगी विद्यार्थी साथै सम्पूर्ण शिक्षक कर्मचारीहरूलाई कार्यक्रम सफल बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएकोमा धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रममा उप-प्राध्यापक अर्यालको स्वागत मन्तव्य र उप-प्राध्यापक हरिदत्त शर्माको सञ्चालन रहेको थियो।

## रक्तदान कार्यक्रम

महाकवि देवकोटा क्याम्पस अतिरिक्त क्रियाकलाप शाखा र यसै क्याम्पस अन्तर्गतको पूर्व विद्यार्थी संघको संयुक्त आयोजनामा मिति २०८०/०६/१२ गतेका दिन रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पस पूर्व विद्यार्थी संघका अध्यक्ष जिवन पौडेलको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रदेश नं. ५ लुम्बिनी प्रदेशका प्रदेशसभा सदस्य माननीय विधायक खड्ग बस्नेतको प्रमुख आतिथ्यता, क्याम्पसका सञ्चालक समिति अध्यक्ष कृष्णप्रसाद लामिछानेको विशिष्ट आतिथ्यता रहेको उक्त कार्यक्रममा उद्योग वाणिज्य संघ सुनवलका अध्यक्ष रमेश कर्माचार्य, नेपाल रेडक्रस सोसाइटी सुनवल उपशाखाका सभापति गोपालप्रसाद शर्मा, क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल, अतिरिक्त क्रियाकलाप शाखाकी संयोजक सुलोचना अर्याल, सार्वजनिक सूचना शाखाका संयोजक हरिदत्त शर्मा, पूर्व विद्यार्थी संघका पदाधिकारी, स्वास्थ्य कर्मी, विद्यार्थी परिषद्का सभापति प्रकाश वि.क., क्याम्पसको व्यवस्थापन सङ्काय र शिक्षाशास्त्र सङ्कायमा अध्ययनरत विद्यार्थीहरू गरी करिव ७० जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा बोल्दै प्रमुख अतिथि बस्नेतले महाकवि देवकोटा क्याम्पसले पूर्व विद्यार्थीहरूलाई क्याम्पसमा आबद्ध गराएर उनीहरूको ज्ञान, सीप र क्षमताको सदुपयोग गरेको छ भन्दै पूर्व विद्यार्थीहरूले रक्तदान जस्तो महत्वपूर्ण कार्यक्रम गरेकोमा धन्यवाद दिनुभयो। त्यसैगरी विशिष्ट अतिथि लामिछानेले रक्तदान जीवनदान भएको हुनाले स्वास्थ्य अवस्था सामान्य भएका मानिसहरूले प्रत्येक ३/३ महिनामा रक्तदान गर्नुपर्ने विचार व्यक्त गर्नुभयो। सो कार्यक्रममा ३५ जनाले रक्तदान गरेका थिए। पूर्व विद्यार्थी संघका सदस्य रोशन श्रेष्ठद्वारा स्वागत मन्तव्य प्रस्तुत गरिएको उक्त कार्यक्रमको सञ्चालन सोही संघका सचिवद्वारा गरिएको थियो।

## जनशान्ति आधारभूत विद्यालयमा शैक्षिक सामग्री तथा न्यानो कपडा वितरण कार्यक्रम

महाकवि देवकोटा क्याम्पस अन्तर्गत विद्यार्थी परिषद्को आयोजना साथै अतिरिक्त क्रियाकलाप शाखाको सहआयोजनामा मिति २०८०/०८/१५ गतेका दिन सुनवल नगरपालिका वडा नं. ११ को दुर्गम स्थान धुर्कोटफेदीमा अवस्थित श्री जनशान्ति आधारभूत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा न्यानो कपडा वितरण गरिएको छ।

महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र समुदायप्रति क्याम्पसको सामाजिक उत्तरदायित्व पूरा गर्ने उद्देश्यले शैक्षिक सामग्री वितरण गरिएको थियो। अतिरिक्त क्रियाकलाप शाखाका संयोजक सुलोचना अर्यालको संयोजकत्वमा सम्पन्न उक्त कार्यक्रममा बालविकासदेखि कक्षा पाँचसम्म अध्ययन गर्ने ३७ जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री तथा न्यानो कपडा वितरण गरिएको थियो। उक्त अवसरमा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चेतबहादुर ठाडा, विद्यालयका प्रधानाध्यापक ओमप्रकाश दर्लामी महाकवि देवकोटा क्याम्पस IQAC का सदस्य सचिव दधिराम पौडेल SQC संयोजक अजयकुमार गुप्ता, यु.रे.स. उपाध्यक्ष पूजा बस्याल, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र विद्यार्थीहरू गरी ५० जनाको सहभागिता रहेको थियो। शैक्षिक सामग्री तथा न्यानो कपडा वितरण कार्यक्रममा संयोजक सुलोचना अर्यालले क्याम्पसले सामाजिक उत्तरदायित्व पूरा गर्न वृद्धवृद्धालाई कपडा वितरण, बालबालिकाहरूलाई शैक्षिक सामग्री तथा न्यानो कपडा  वितरण, अशक्त अपाङ्गहरूलाई राहत सामग्री वितरण,  स्वास्थ्य शिविर, रक्तदान, जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको र आगामी दिनमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै जाने विचार व्यक्त गर्नुभयो। सोही कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ठाडाले सुगम जिल्लामा भएर पनि दुर्गम स्थानमा रहेको र धेरै जनाको नजर नपुगेको यो विद्यायलमा आएर क्याम्पसले यस्तो सराहनीय कार्य गरेकोमा विद्यालय व्यवस्थापन समितिको तर्फबाट कार्यक्रममा सहभागी विद्यार्थी साथै क्याम्पसलाई धन्यवाद दिनुभयो। उक्त कार्यक्रममा BBS चौथो वर्षमा अध्ययनरत छात्रा पूजा बस्यालले सहजीकरण गर्नु भएको थियो।

## अङ्ग्रेजी हिज्जे प्रतियोगिता

मिति २०७९/०८/२९ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गत अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा अङ्ग्रेजी हिज्जे प्रतियोगिता सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षतामा सम्पन्न भएको सो प्रतियोगितामा सहायक क्याम्पस प्रमुख, अतिरिक्त क्रियाकलाप शाखाका संयोजक सुलोचना अर्याल, विभागीय प्रमुखहरू, शिक्षक, शिक्षिका साथै स्नातक तह अन्तर्गतको बी.बी.एस. र बी.एड. मा अध्ययनरत विद्यार्थीहरू गरी करिव १२५ बढीको सहभागिता रहेको थियो।  ११ समूहको सहभागिता रहेको उक्त प्रतियोगितामा सेलेक्सन राउण्ड सञ्चालन गरिएको थियो। सेलेक्सन राउण्डबाट ४ समूह बाहिरीएका थिए। त्यसपछि बाँकी ७ समूहमा प्रतिस्पर्धा गराइएको थियो। प्रतियोगितामा जनरल राउण्ड अन्तर्गत सबै समूहलाई १०/१० वटा शब्द पर्ने गरी ७० वटा शब्दको स्पेलिङ भन्न लगाइएको थियो।  प्रतिस्पर्धाबाट सिद्धार्थ गाहा मगरको समूह प्रथम, दिपिका भण्डारीको समूह द्वितीय साथै दिपु श्रीसको समूह तृतीय भएका थिए। विजयी समूहलाई सभाध्यक्ष ढकालले शब्दकोश, मेडल र प्रमाणपत्र प्रदान गर्नुभएको थियो। कार्यक्रममा समापन मन्तव्य व्यक्त गर्दै सभाध्यक्ष ढकालले जुनसुकै क्षेत्रमा आवश्यक पर्ने अङ्ग्रेजी भाषा सम्बन्धी ज्ञान वृद्धि गर्न यो कार्यक्रम निकै फलदायी भएको विचार व्यक्त गर्नु भयो। कार्यक्रमको सञ्चालन शिक्षक पदम पाण्डेले गर्नुभएको थियो।

## खाना महोत्सव तथा सांस्कृतिक कार्यक्रम

महाकवि देवकोटा क्याम्पस वि.वि.ए चौथो सेमेस्टरको आयोजनामा मिति २०८०/०९/०६ गतेका दिन यसै क्याम्पसको प्राङ्गणमा खाना महोत्सव सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पस वि.वि.ए चौथो सेमेस्टरमा अध्ययनरत छात्र रविन्द्र अधिकारीको अध्यक्षता, यसै क्याम्पसका सञ्चालक समिति अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यता, सुनवल नगरपालिकाका नगर

प्रमुख एवं क्याम्पस सञ्चालक समिति सदस्य विमला अर्यालको विशिष्ट आतिथ्यता, क्याम्पसका संस्थापक अध्यक्ष थानप्रसाद गैरे, निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल द्वयको विशेष आतिथ्यता रहेको सो महोत्सवमा क्याम्पस संरक्षक एवं सञ्चालक समिति सदस्य गोपालप्रसाद शर्मा, उद्योग वाणिज्य सघंका केन्द्रिय सदस्य एवं क्याम्पस सञ्चालक समिति सदस्य केशवप्रसाद भण्डारी, समाजसेवी मोहन कार्की, यसै क्याम्पसका क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुखहरू,वि.वि.ए, वि.आइ.सि.टि.इ, वि.वि.एस, वि.एड. मा अध्ययनरत विद्यार्थीहरू गरी २५० बढीको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा प्रमुख अतिथि लामिछानेले वि.वि.ए अध्ययन गर्ने विद्यार्थीहरूमा व्यावसायिक प्रयोगात्मक ज्ञान दिने उद्देश्यले सञ्चालन गरिएका यस्ता कार्यक्रमले विद्यार्थीहरूमा व्यवसायिक ज्ञान प्रदान गर्ने भन्दै सम्पूर्णलाई धन्यवाद दिनुभयो । सो महोत्सवमा विद्यार्थीहरूद्वारा मोमो, पकौडा, फुल्की, चटपट, ललिपप, फ्रेन्चफ्राइ, चिया, कफी लगायतका परिकारहरू बनाइएका थिए । उक्त अवसरमा सहभागीहरूलाई मनोरञ्जन प्रदान गर्न सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो सो कार्यक्रममा विभिन्न संस्कृति झल्कने नृत्यहरू प्रस्तुत गरिएको थियो । कार्यक्रमलाई थप रोमाञ्चित बनाउन अभिभावकहरूको लागि घैंटो फुटाइ प्रतियोगिता सञ्चालन समेत गरिएको थियो । उक्त कार्यक्रममा वि.वि.ए चौथो सेमेस्टरमा अध्ययनरत छात्रा शोभा यादवको स्वागत मन्तव्य साथै वि.वि.ए प्रथम, तेस्रो र छैठौं सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूको सञ्चालन रहेको थियो ।

## क्यान्सर सम्बन्धी स्वास्थ्य सचेतना कार्यक्रम

क्यान्सर काउन्सिल नेपालको आयोजना, गरिमा विकास बैंकको सहयोग साथै महाकवि देवकोटा क्याम्पसको आतिथ्यतामा मिति २०८०/०९/०६ गतेका दिन यसै क्याम्पसको सभाहलमा क्यान्सर सम्बन्धी स्वास्थ्य सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता, देवदह मेडिकल कलेजका प्रबन्धक प्रा.डा. महेशराज घिमिरेको प्रमुख प्रशिक्षकत्वमा सञ्चालन भएको उक्त कार्यक्रममा क्यान्सर काउन्सिल नेपालका अध्यक्ष रुद्रलाल कडरिया, सानिमा बैंकका प्रबन्धक विष्णुप्रसाद पोखरेल, सोही बैंकका ओपरेटिङ् इन्चार्ज सन्तोष पौडेल, क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल, विद्यार्थी परिषद्का सभापति प्रकाश वि.क., अतिरिक्त क्रियाकलाप शाखा संयोजक सुलोचना अर्याल, सार्वजनिक सूचना शाखा संयोजक हरिदत्त शर्मा, युवा रेडक्रस सर्कलका अध्यक्ष सागरमणी डुम्रे, उपाध्यक्ष पूजा बस्याल, क्याम्पस अन्तर्गतका विभिन्न सङ्कायमा प्रध्यापनरत शिक्षक शिक्षिका साथै BBA र B.Ed. मा अध्ययनरत विद्यार्थीहरू गरी १५० बढीको सहभागिता रहेको थियो । सो अवसरमा प्रमुख प्रशिक्षक घिमिरेले क्यान्सर रोगका कारण, लक्षण र यसबाट बच्ने उपायको बारेमा स्पष्ट पार्नुभएको थियो । कार्यक्रममा अध्यक्ष लामिछानेले क्याम्पसले अध्ययन अध्यापन कार्यमात्र नभएर विद्यार्थीहरूको स्वास्थ्यलाई समेत मध्यनजर गर्दै यस्ता स्वस्थ्य सचेतना मूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा अतिरिक्त क्रियाकलाप शाखा संयोजक उप-प्राध्यापक सुलोचान अर्यालको स्वागत मन्तव्य साथै उप-प्राध्यापक भिमलाल ढकालको सञ्चालन रहेको थियो ।

## १३औं क्याम्पस सभा तथा सातौं अधिवेशन

मिति २०८०/०९/०८ गतेका दिन यसै क्याम्पसको सभाहलमा महाकवि देवकोटा क्याम्पसको १३ औं क्याम्पस सभा सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पस सञ्चालक समिति अध्यक्ष कृष्णप्रसाद लामिछानेको अध्यक्षता, संघिय सांसद पूर्व कानुन, न्याय तथा संसदिय व्यवस्था मन्त्री माननीय ध्रुवबहादुर प्रधानको प्रमुख आतिथ्यता, सुनवल नगरपालिकाका

नगरप्रमुख विमला अर्यालको विशिष्ट आतिथ्यता, नगर उप प्रमुख सूर्यप्रसाद दुवेको विशेष आतिथ्यतामा सम्पन्न भएको उक्त सभामा क्याम्पस संरक्षक थानप्रसाद गैरे, निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल, नेपाल उद्योग वाणिज्य संघका केन्द्रिय सदस्य, क्याम्पस संरक्षक केशवप्रसाद भण्डारी, घरेलु तथा साना उद्योग महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष एवं क्याम्पस संरक्षक उमानाथ पोखरेल, सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण पङ्गेनी, उद्योग वाणिज्य सघं सुनवलका अध्यक्ष रमेश कर्माचार्य, क्याम्पस सल्लाहकार समितिका संयोजक बोधराज घिमिरे, क्याम्पस सञ्चालक समितिका पदाधिकारीहरू, क्याम्पस सल्लाहकार समितिका पदाधिकारीहरू, क्याम्पस सञ्चालक एवं सल्लाहकार समितिका पूर्व पदाधिकारीहरू, क्याम्पस संरक्षकहरू, क्याम्पस आजीवन सदस्यहरू, क्याम्पस सभाका मनोनित सदस्यहरू, सुरक्षा कर्मी, सञ्चारकर्मी, क्याम्पसका शिक्षक तथा कर्मचारीहरू गरी २०० बढीको सहभागिता रहेको थियो ।

सो अवसरमा कृष्णबन्धु अर्याल, प्रा. हुमकान्त पाण्डे, बालकृष्ण पङ्गेनी ,उमानाथ पोखरेल, केशवप्रसाद भण्डारी, विष्णुप्रसाद पौडेल, थानप्रसाद गैरे, सूर्यप्रसाद दुवे, विमला अर्याल, माननीय ध्रुवबहादुर प्रधान लगायतका व्यक्तित्वहरूले शुभकामना मन्तव्य प्रस्तुत गर्नु भएको थियो । शुभकामना मन्तव्यका क्रममा विशिष्ट अतिथि नगर प्रमुख अर्यालले सुनवल नगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्रमुख प्राथमिकता दिएको विचार व्यक्त गर्नुभयो । शुभकामना मन्तव्यका क्रममा प्रमुख अतिथि प्रधानले युवाहरू विदेश पलायन हुनु रहर मात्र नभएर बाध्यता भएको बताउँदै व्यवहारिक शिक्षालाई प्राथमिकता दिनु पर्ने भन्दै देशमै रोजगारी प्रदान गर्ने शिक्षा अहिलेको आवश्यकता भएको विचार व्यक्त गर्नुभयो । उक्त अवसरमा सातौँ अधिवेशनबाट सञ्चालक समितिको अध्यक्षको लागि कृष्णप्रसाद लामिछानेको नाम सर्वसहमतबाट सिफारिस गरिएको थियो भने क्याम्पस सभाले क्याम्पस आजीवन सदस्य प्रतिभा कार्की साथै क्याम्पस संरक्षक चण्डीप्रसाद पाण्डे गरी दुई जनालाई माइन्युट प्रमाणित गर्न छनौट गरेको थियो । सल्लाहकार समितिका अध्यक्ष बोधराज घिमिरेको स्वागत मन्तव्य रहेको सो कार्यक्रममा उप-प्राध्यापक हरिदत्त शर्माको सञ्चालन रहेको थियो ।

## शैक्षिक सामग्री तथा न्यानो कपडा वितरण कार्यक्रम

महाकवि देवकोटा क्याम्पस अन्तर्गत वि.वि.ए. छैठौं समेस्टरमा अध्ययनरत विद्यार्थीहरूको आयोजना मिति २०८०/०९/२२ गतेका दिन बर्दघाट नगरपालिका वडा नं.२ को दुर्गम स्थानमा अवस्थित श्री मंगला देवी प्राथमिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई शैक्षिक सामग्री, न्यानो कपडा साथै विद्यालयलाई फिल्टर तथा बाल्टी प्रदान गरिएको छ ।

विद्यालयका प्रधानाध्यापक हरिश्चन्द्र प्रसाद गुप्ता, महाकवि देवकोटा क्याम्पस वि.वि.ए प्लानर विकाश राना, वि.वि.ए छैठौं समेस्टरमा अध्ययनरत विद्यार्थीहरू, विद्यालयमा अध्ययनरत विद्यार्थीहरू, अभिभावक, गरी करिव ५५ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा बालविकासदेखि कक्षा पाँचसम्म अध्ययन गर्ने २४ जना विद्यार्थीहरूलाई शैक्षिक सामग्री, न्यानो कपडा वितरण गरिएको थियो भने विद्यालयलाई फिल्टर तथा बाल्टी प्रदान गरिएको थियो । शैक्षिक सामग्री तथा न्यानो कपडा वितरण कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक गुप्ताले महाकवि देवकोटा क्याम्पसले बर्दघाट नगरपालिकामा अवस्थित भएर पनि विकासमा धेरैको आँखा पुग्न नसकेको चुरे पहाडको काखमा रहेको हाम्रो विद्यालयमा आएर विद्यालय साथै यस विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई न्यानो कपडा तथा शैक्षिक सामग्री वितरण जस्तो सराहनीय कार्य गरेकोमा देवकोटा परिवारलाई धन्यवाद दिँदै स्नातक तह अध्ययन गर्ने विद्यार्थीहरूमा यस्तो समाजसेवाको भावना विकास गराउनु भएकोमा क्याम्पसमा प्राध्यापनरत शिक्षकहरूलाई विद्यालयको तर्फबाट हार्दिक धन्यवाद दिनुभयो । उक्त अवसरमा क्याम्पसको तर्फबाट आफ्ना विचारहरू राख्दै प्लानर

रानाले महाकवि देवकोटा क्याम्पसले सामाजिक उत्तरदायित्व पूरा गर्न बालबालिकाहरूलाई शैक्षिक सामग्री तथा न्यानो कपडा वितरण, अशक्त अपाङ्गहरूलाई राहत सामग्री वितरण, स्वस्थ्य शिविर, रक्तदान, जस्ता कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको र आगामी दिनमा पनि यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिँदै जाने विचार व्यक्त गर्दै विद्यालयले यो अवसर प्रदान गरेकोमा विद्यालय परिवारलाई धन्यवाद दिनु भयो । कार्यक्रममा वि.वि.ए. छैठौँ सेमेस्टरमा अध्ययनरत छात्रा समिक्षा गैरेले महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र समुदायप्रति क्याम्पसको सामाजिक उत्तरदायित्व पूरा गर्ने साथै विद्यार्थीहरूमा समाजसेवा र मानवसेवाको भावना विकास गराउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको भन्दै कार्यक्रम गर्नुको उद्देश्यमाथि प्रकाश पार्दै कार्यक्रममा सहजीकरण गर्नुभएको थियो ।

## Basic Share Training

महाकवि देवकोटा क्याम्पस अन्तर्गतका वि.वि.ए तेस्रो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूलाई फाइनाइन्स विषयको विषयगत ज्ञान प्रदान गरी आंशिक पाठ्यभार पूरा गर्न साथै शेयर बजार सम्बन्धी नवीन ज्ञान प्रदान गर्ने उद्देश्यले यसै क्याम्पसको सभाहलमा मिति २०८०/०९/२३ गतेका दिन शेयर मार्केट सम्बन्धि एक दिने Basic Share Training कार्यक्रम सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पस व्यवस्थापन सङ्काय अन्तर्गत वि.वि.ए कार्यक्रमका संयोजक ताराप्रसाद पाण्डेको अध्यक्षतामा सञ्चालन गरिएको उक्त कार्यक्रममा सोही सङ्कायमा प्राध्यापनरत प्राध्यापक प्रविन शर्मा प्रमुख प्रशिक्षक रहनु भएको सो कार्यक्रममा क्याम्पसको व्यवस्थापन सङ्काय अन्तर्गत वि.वि.ए. तेस्रो सेमेस्टरमा अध्ययनरत ३५ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा प्रशिक्षक शर्माले नेपालमा शेयर बजारको अवस्था, शेयर बजार सम्बन्धी कानुनी प्रावधान, शेयर खरिद बिक्री गर्ने तरिका साथै शेयर बजारमा लगानी गर्दा ध्यान दिनु पर्ने विषयहरूको बारेमा स्पष्ट पार्नु भएको थियो । उक्त अवसरमा प्रशिक्षक शर्माले विद्यार्थीहरूद्वारा सोधिएका प्रश्नहरूको जवाफ दिनु भएको थियो । महाकवि देवकोटा क्याम्पस अन्तर्गत अनुसन्धान शाखा प्रमुख विकाश रानाको सहजिकरणमा कार्यक्रम सञ्चालन गरिएको थियो ।

## जिल्ला अदालत परासीको स्थलगत अध्ययन अवलोकन भ्रमण

मिति २०८०/०९/२३ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गत वि.वि.ए चौथो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूलाई व्यावसायिक कानुन विषयको विषयगत आंशिक पाठ्यभार पूरा गरी नेपालको कानुनी प्रक्रियाको बारेमा जानकारी गराउन साथै प्रयोगात्मक ज्ञान प्रदान गर्न जिल्ला अदालत परासीको स्थलगत अध्ययन अवलोकन भ्रमण सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पस व्यवस्थापन सङ्काय अन्तर्गत वि.वि.ए कार्यक्रमका प्राध्यापक सुरजकुमार कर्णको नेतृत्व रहेको उक्त भ्रमणमा वि.वि.ए चौथो सेमेस्टरमा अध्ययनरत २६ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । उक्त अवलोकन भ्रमणमा सहभागी विद्यार्थीहरूले जिल्ला अदालतको कानुनी प्रक्रिया, फैसला गर्ने तरिका, नेपालमा व्यावसायिक कानुनको कार्यान्वयनको अवस्था, यसका समस्या र प्रयोगात्मक अवस्थाको बारेमा जानकारी लिएका थिए ।

## महायज्ञमा सहभागी

बहुउपयोगी योग तथा ध्यान भवन निर्माणार्थ मिति २०८०/१०/०१ गते देखि ०८ गते सम्म सुनवल नगरपालिका वडा नं. १ चौराहामा सञ्चालन भएको श्रीमद्भभागवत धनधान्याञ्चल ज्ञान महायज्ञमा यस क्याम्पसमा अध्ययनरत विद्यार्थी तथा शिक्षकहरू सहभागी हुनुभएको छ ।

महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र समाजप्रति क्याम्पसको सामाजिक दायित्व रहने हुनाले क्याम्पसले यस क्षेत्रमा सञ्चालन गरिने विभिन्न धार्मिक तथा सांस्कृतिक कार्यक्रमहरूमा क्याम्पसमा अध्ययनरत विद्यार्थीहरू सहभागी गराउँदै आएको छ। भने त्यस्ता कार्यक्रमहरूमा सक्दो आर्थिक सहयोग समेत गर्दै आएको छ। क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूलाई धार्मिक तथा सांस्कृतिक ज्ञान प्रदान गरी संस्कारी बनाउनको लागि यस्ता कार्यक्रमहरू निकै उपयोगी हुने तथ्य मध्यनजर गर्दै विद्यार्थीहरूलाई कार्यक्रममा सहभागी गराइएको थियो।

## गरिब तथा विपन्न परिवारलाई न्यानो कपडा वितरण कार्यक्रम

महाकवि देवकोटा क्याम्पस व्यवस्थापन सङ्काय अन्तर्गत स्नातक तह (BBS) चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरूको आयोजनामा मिति २०८०/१०/१२ गतेका दिन बर्दघाट सुस्ता पश्चिम नवलपरासी जिल्ला प्रतापुर गाउँपालिका अन्तर्गत वडा नं. ६ मा बसोबास गर्ने करिब ९० घरधुरीलाई न्यानो कपडा वितरण गर्ने कार्यक्रम सम्पन्न भएको छ।

महाकवि देवकोटा क्याम्पस विद्यार्थी परिषद्का सभापति प्रकाश वि.क.को अध्यक्षता, प्रतापुर गाउँपालिका अन्तर्गत वडा नं. ६ का वडाध्यक्ष केशव अधिकारीको प्रमुख आतिथ्यता रहेको सो कार्यक्रममा वडा सदस्य अवधेश यादव, पत्रकार रन्जित शर्मा, रामकृपाल गुप्ता, राहुल गुप्ता क्याम्पसको चौथो वर्षमा अध्ययनरत विद्यार्थीहरू साथै उक्त स्थानमा बसोबास गर्ने व्यक्तिहरू गरी करिव १०० जनाको उस्थिति रहेको थियो। कार्यक्रममा आफ्नो मन्तव्य राख्दै वडाध्यक्ष अधिकारीले सामुदायिक क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूले आफूले खान ल्याएको नास्ताको पैसा कटौती गरेर मानव सेवा तथा समाजसेवाको कार्य गरेकोमा सम्बन्धीत विद्यार्थीहरू साथै विद्यार्थीहरूलाई सहयोग गर्न प्रेरित गरी यस्तो संस्कारी शिक्षा प्रदान गरेकोमा क्याम्पस परिवारलाई समेत धन्यवाद दिनुभयो। सो अवसरमा अति गरिब तथा विपन्न वर्गका व्यक्तिहरूलाई ज्याकेट, स्वीटर, मोजा, टोपी लगायतका न्यानो कपडा वितरण गरिएको थियो। कार्यक्रम समापनको अवसरमा बोल्दै सभाध्यक्ष वि.क.ले गरिब तथा विपन्न व्यक्तिहरूलाई आफूहरूले सक्दो सहयोग गर्न पाएकोमा खुसी व्यक्त गर्दै यो अवसर सिर्जना गरिदिएकोमा वडाध्यक्ष लगायतका व्यक्तित्वहरू साथै आर्थिक सहयोग गर्ने सम्पूर्ण सहयोगी दाताहरूलाई धन्यवाद् दिनुभयो। सो कार्यक्रमको सञ्चालन चौथोवर्षमा अध्ययनरत बादल थापाले गर्नुभएको थियो।

## शैक्षिक उपकरण वितरण कार्यक्रम

आज मिति २०८०/१०/२६ गतेका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा सुनवल नगरपालिका वडा नं. ३ किर्तिपुरमा अवस्थित चन्द्र ज्योति आधारभूत विद्यालयको प्राङ्गणमा शैक्षिक उपकरण प्रदान कार्यक्रम सम्पन्न भएको छ।

चन्द्र ज्योति आधारभूत विद्यालयका व्यवस्थापन समिति अध्यक्ष कर्ण बहादुर पुनको अध्यक्षत, सुनवल नगरपालिका वडा नं. ३ का वडाध्यक्ष पविन गुरुङको प्रमुख आतिथ्यता, सुनवल नगरपालिका नगरकार्यपालिकाका सदस्य भूमिकला के.सी. को विशेष आतिथ्यतामा सञ्चालत भएको सो कार्यक्रममा किर्तिपुर युवा क्लबका अध्यक्ष दिपक श्रेष्ठ, जेनिथ युथ क्लबका अध्यक्ष रविन भट्टराई, महाकवि देवकोटा क्याम्पस वि.वि.ए. संयोजक ताराप्रसाद पाण्डे, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, विद्यालयका शिक्षक शिक्षिका, अभिभावक, समाजसेवी,महाकवि देवकोटा क्याम्पस वि.वि.ए चौथो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरू, विद्यालयमा अध्ययनरत विद्यार्थी भाइ बहिनीहरू गरी करिव ८० जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो। करिव १०० जना विद्यार्थीहरू अध्ययन गरिरहेको उक्त विद्यालयमा आएर क्याम्पसले शैक्षिक उपकरण प्रदान गर्ने कार्यक्रम आयोजना गरेकोमा आयोजक क्याम्पस

परिवारलाई धन्यवाद दिँदै प्रमुख अतिथि गुरुङले क्याम्पसमा अध्ययन गर्ने विद्यार्थीहरूमा यस्तो समाजसेवाको भावना विकास भएकोमा खुसी व्यक्त गर्नुभयो । विद्यालयको लागि निकै आवश्यक रहेको कम्प्युटर प्रदान गरेकोमा क्याम्पसमा अध्ययनरत वि.वि.ए चौथो सेमेस्टरका विद्यार्थी साथै क्याम्पस परिवारलाई धन्यवाद दिँदै सभाध्यक्ष पुनले स्नातक तह अध्ययन गर्ने विद्यार्थीहरूमा देशमै बसेर केही गर्छु भन्ने भावनाको विकास हुनु पर्ने भन्दै यस्तो महान कार्य गरेकोमा क्याम्पस सम्बद्ध सबै पक्षलाई धन्यवाद व्यक्त गर्नुभयो । कार्यक्रम सञ्चालनको क्रममा बोल्दै महाकवि देवकोटा क्याम्पसका उप-प्राध्यापक हरिदत्त शर्माले महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र समुदाय प्रति क्याम्पसको जिम्मेवारी रहने तथ्य मध्यनजर गर्दै क्याम्पसमा प्रध्यापनरत शिक्षक, कार्यरत कर्मचारीहरूको आर्थिक सहयोग साथै वि.वि.ए चौथो सेमेस्टरमा अध्ययनरत विद्यार्थीहरूद्वारा खाना महोत्सवको आयोजनाबाट सङ्कलन गरिएको रकमबाट शैक्षिक उपकरण खरिद गरी विद्यालयलाई प्रदान गरिएको जानकारी गराउँदै सहयोग गर्ने अवसर जुटाइदिनु भएकोमा विद्यालय परिवारलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

## खेलकुद प्रतियोगिता

मिति २०८०/११/०३ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गत अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा यसै क्याम्पसको खेल मैदानमा खेलकुद प्रतियोगिताको शुभारम्भ भएको छ ।

महाकवि देवकोटा क्याम्पसको वार्षिक शैक्षिक क्यालेण्डरमा उल्लेख गरिए अनुसार सञ्चालन भएको उक्त प्रतियोगिताको उद्घाटनसत्रको अवसरमा आयोजित कार्यक्रमको अध्यक्षता आयोजक शाखाका संयोजक उप-प्राध्यापक सुलोचना अर्यालले गर्नु भएको थियो भने क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको प्रमुख आतिथ्यता रहेको थियो । बिहानी समयका BBS र B.Ed. साथै दिवा समयका BBA र BICTE तर्फ अध्ययनरत विद्यार्थीहरूको सहभागिता रहेको सो प्रतियोगिताको पहिलो दिन छात्रतर्फ भलिबल, बास्केटबल, रिले दौड, सटपुट र लङजम्प जस्ता खेलहरू खेलाइएको थियो । त्यसै गरी छात्रातर्फ भलिबल, रिले दौड, सटपुट र लङजम्प जस्ता खेलहरू खेलाइएको थियो । कार्यक्रम सञ्चालनका क्रममा उप-प्राध्यापक हरिदत्त शर्माले सहजीकरण गर्नुभएको थियो ।

## Motivational Program

मिति २०८०/११/१४ गतेका दिन महाकवि देवकोटा क्याम्पस अन्तर्गत विद्यार्थी परामर्श शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा विद्यार्थीहरूलाई पढाइप्रति उत्प्रेरित गराउने उद्देश्यले आयोजना गरिएको Motivational program सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पस व्यवस्थापन सङ्काय प्रमुख भिमलाल ढकालको अध्यक्षता, त्रिभुवन विश्वविद्यालयका प्राध्यापक डा. तुलसी पाण्डेको प्रमुख प्रशिक्षकत्वमा सञ्चालन भएको उक्त कार्यक्रममा विद्यार्थी परामर्श शाखाका संयोजक सूर्यप्रसाद ढकाल, व्यवस्थापन सङ्कायतर्फ अध्यापनरत शिक्षक साथै सोही सङ्कायमा अध्ययनरत विद्यार्थीहरू गरी १०५ जनाको उपस्थिति रहेको थियो । सो अवसरमा प्रशिक्षक पाण्डेले नेपालका सफल व्यक्तित्वहरूको जीवनी बताउँदै विद्यार्थीहरूलाई उत्प्रेरित गर्नुभएको थियो ।

## पुरस्कार वितरण कार्यक्रम

महाकवि देवकोटा क्याम्पस अन्तर्गत अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा मिति २०८०/११/१६ गतेका दिन पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षता, क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी.,

शिक्षा तथा मानविकी सङ्काय प्रमुख बबिन शर्मा सापकोटा, व्यवस्थापन सङ्काय प्रमुख भिमलाल ढकाल, MBS संयोजक पदम पाण्डे, BBA संयोजक ताराप्रसाद पाण्डे, विद्यार्थी परिषद्का सभापति प्रकाश वि.क., क्याम्पसमा प्राध्यापनरत शिक्षक शिक्षिका, क्याम्पस अन्तर्गत BBS र B.Ed. तर्फ अध्ययनरत विद्यार्थीहरू गरी करिव १५० जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो । क्याम्पसले मिति २०८०/११/०३, ०४, ०६ र ०७ गते गरी चार दिनसम्म खेलकुद प्रतियोगिता सञ्चालन गरेको थियो । खेलकुद प्रतियोगितामा भलिबल, बास्केटबल, फुटसल, सटपुट, लङजम्प, म्युजिकल चेयर, स्लोसाइकल रेस, रिले रेस, चेस, टेवुल टेनिस र क्रिकेट लगायतका खेलहरूमा विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए । विद्यार्थीहरूको व्यक्तित्व र नेतृत्व सिपको विकास गर्नको लागि खेलकुद प्रतियागिताको आयोजना गरेको विचार व्यक्त गर्दै प्रमुख अतिथि लामिछानेले सम्पूर्ण विद्यार्थी र शिक्षकहरूको मेहनत र लगावका कारण क्याम्पसले दोस्रो पटक गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्न सफल भएको विचार व्यक्त गर्नु भयो । उक्त अवसरमा विभिन्न खेलमा प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल खेलाडी भाइबहिनीहरूलाई प्रमुख अतिथिद्वारा मेडल तथा प्रमाणपत्र साथै सभाध्यक्षद्वारा टीका प्रदान गरिएको थियो । उक्त कार्यक्रममा अतिरिक्त क्रियाकलाप शाखा संयोजक सुलोचना अर्यालको स्वागत मन्तव्य साथै उप-प्राध्यापक हरिदत्त शर्माको सञ्चालन रहेको थियो ।

त्यसै गरी मिति २०८०/११/१८ गतेका दिन सेमेस्टर प्रणालीतर्फ अध्ययनरत विद्यार्थीहरूको लागि पुरस्कार वितरण कार्यक्रम सञ्चालन गरिएको थियो ।

क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षता, क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यतामा सञ्चालन गरिएको उक्त कार्यक्रममा सहायक क्याम्पस प्रमुख प्रकाश जि.सी., शिक्षा तथा मानविकी सङ्काय प्रमुख बबिन शर्मा सापकोटा, व्यवस्थापन सङ्काय प्रमुख भिमलाल ढकाल, MBS संयोजक पदम पाण्डे, BBA संयोजक ताराप्रसाद पाण्डे, क्याम्पसमा प्राध्यापनरत शिक्षक शिक्षिका, क्याम्पस अन्तर्गत BBA र BICTE तर्फ अध्ययनरत विद्यार्थी गरी करिव १२५ जनाको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो । क्याम्पसले मिति २०८०/११/०३, ०४, ०६ र ०७ गते गरी चार दिनसम्म सेमेस्टर प्रणालीतर्फ अध्ययन गर्ने विद्यार्थीहरूको लागि खेलकुद प्रतियोगिता सञ्चालन गरेको थियो । खेलकुद प्रतियोगितामा भलिबल, बास्केटबल, फुटसल, सटपुट, लङजम्प, म्युजिकल चेयर, स्लोसाइकल रेस, रिले रेस, चेस, टेवुल टेनिस र क्रिकेट लगायतका खेलहरूमा विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए । विद्यार्थीहरूलाई स्वदेशमै बसेर आयआर्जन गर्न सल्लाह दिँदै प्रमुख अतिथि लामिछानेले खेलकुदबाट विद्यार्थीहरूमा व्यक्तित्व र नेतृत्व क्षमताको विकास हुने विचार व्यक्त गर्नु भयो । उक्त अवसरमा विभिन्न खेलमा प्रथम,द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल खेलाडी भाइबहिनीहरूलाई प्रमुख अतिथिद्वारा मेडल तथा प्रमाणपत्र साथै सभाध्यक्षद्वारा टीका प्रदान गरिएको थियो । उक्त कार्यक्रममा अतिरिक्त क्रियाकलाप शाखा संयोजक सुलोचना अर्यालको स्वागत मन्तव्य साथै उप-प्राध्यापक हरिदत्त शर्माको सञ्चालन रहेको थियो ।

## अन्तर्क्रिया कार्यक्रम

महाकवि देवकोटा क्याम्पस अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा मिति २०८०/११/२१ गतेका दिन स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूलाई आध्यात्मिक ज्ञान प्रदान गर्ने उद्देश्यले क्याम्पसको सभाहलमा धार्मिक तथा आध्यात्मिक व्यक्तित्वहरू र क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूको बिच अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ ।

क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षता, क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख अतिथ्यता, धार्मिक व्यक्तित्व मार्कण्डेय दासको विशेष आतिथ्यता साथै क्याम्पस सञ्चालक समितिका निवर्तमान अध्यक्ष विष्णुप्रसाद पौडेल, क्याम्पस संरक्षक सन्तोष पहारी, धार्मिक व्यक्तित्व प्रकाश बोलखेको

आतिथ्यता रहेको उक्त कार्यक्रममा क्याम्पसमा अध्यापनरत शिक्षक शिक्षिका, यसै क्याम्पसको स्नातक तह तेस्रो र चौथो वर्षमा अध्ययनरत विद्यार्थी भाइबहिनीहरू लगायत १०० जनाको उपस्थितिमा कार्यक्रम सञ्चालन गरिएको थियो । कार्यक्रममा धार्मिक तथा आध्यात्मिक व्यक्तित्व मार्कण्डेय दासले मानिस धनले होइन की आध्यात्मिक ज्ञानले मात्रै खुशी हुन सक्ने तर्क राख्दै आध्यात्मिक ज्ञानबाट नै मुक्तिको बाटो प्राप्त गर्न सकिने विचार व्यक्त गर्नुभयो । उक्त अवसरमा बोल्दै प्रमुख अतिथि लामिछानेले धार्मिक तथा आध्यात्मिक व्यक्तित्व मार्कण्डेय दासलाई धन्यवाद दिँदै आध्यात्मिक ज्ञानले जीवन सार्थक हुने विचार व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा सन्तोष पहारी, प्रकाश बोलखे लगायतका व्यक्तित्वहरूले आफ्ना विचार राख्नु भएको थियो । सो कार्यक्रमको सञ्चालन शिक्षक पदम पाण्डेले गर्नुभएको थियो ।

## विचार आदानप्रदान कार्यक्रम

मिति २०८०/११/२४ गतेका दिन महाकवि देवकोटा क्याम्पस अनुसन्धान व्यवस्थापन शाखाको आयोजनामा यसै क्याम्पसको सभाहलमा विद्यार्थीहरूमा व्यावसायिक योजना निर्माण गर्ने क्षमता विकास गर्ने उद्देश्यले विचार आदानप्रदान कार्यक्रम सम्पन्न भएको छ ।

स्नातक र स्नातकोत्तर तहको MBS, BBA, BBS, BICTE तर्फ अध्ययनरत विद्यार्थीहरूलाई प्रयोगात्मक ज्ञान प्रदान गर्ने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रममा मध्यपश्चिमाञ्चल विश्वविद्यालयमा स्नातक तहको BBA पाँचौ सेमेस्टरमा अध्ययनरत छात्रा उर्जा ताम्राकारले व्यावसायिक योजना निर्माणगर्दा आफूले प्रयोग गरेका तरिका साथै व्यावसायिक योजना निर्माणमा आफू सफल हुँदाका आफ्ना अनुभव प्रस्तुत गर्नुभएको थियो । उक्त अवसरमा महाकवि देवकोटा क्याम्पस अन्तर्गत स्नातक र स्नातकोत्तर तहको MBS, BBA, BBS / BICTE तर्फ अध्ययनरत ९३ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । उक्त अवसरमा विद्यार्थीहरूले व्यावसायिक योजना निर्माणगर्दा आफूले भोगेका समस्या र आ-आफ्ना जिज्ञासाहरू प्रस्तुत गरेका थिए । सो कार्यक्रममा महाकवि देवकोटा क्याम्पस अनुसन्धान व्यवस्थापन शाखाका संयोजक शिक्षक विकाश रानाले सहजीकरण गर्नुभएको थियो ।

## पुष्परोपण कार्यक्रम

मिति २०८०/१२/०१ गतेका दिन महाकवि देवकोटा क्याम्पस अतिरिक्त क्रियाकलाप शाखाको आयोजनामा क्याम्पसको आन्तरिक सौन्दर्यता वृद्धि गर्ने उद्देश्यले पुष्परोपण कार्यक्रम सम्पन्न भएको छ ।
महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायणप्रसाद ढकाल, अतिरिक्त क्रियाकलाप शाखाका संयोजक सुलोचना अर्याल, क्याम्पसका शिक्षक साथै विद्यार्थीहरूको उपस्थितिमा सञ्चालन भएको उक्त कार्यक्रममा विद्यार्थीहरूले विभिन्न जातका फूलका विरुवाहरू रोपेका थिए ।

## स्वागत कार्यक्रम

मिति २०८०/१२/०२ गतेका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा व्यवस्थापन सङ्काय र शिक्षाशास्त्र सङ्काय स्नातक तह प्रथम वर्षमा भर्ना भएका विद्यार्थीहरूलाई शैक्षिक सफलताको कामना गर्दै स्वागत गर्ने उद्देश्यले आयोजना गरिएको स्वागत कार्यक्रम सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पसका क्याम्पस प्रमुख नारायणप्रसाद ढकालको अध्यक्षता, क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछानेको प्रमुख आतिथ्यता, निवर्तमान अध्यक्ष एवं क्याम्पस संरक्षक विष्णुप्रसाद पौडेल र सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण पङ्गेनी द्वयको विशिष्ट आतिथ्यता रहेको उक्त कार्यक्रममा क्याम्पसका सहायक क्याम्पस प्रमुख, विभागीय प्रमुखहरू, कार्यक्रमका संयोजकहरू, शाखा प्रमुखहरू,

शिक्षक कर्मचारीहरूका साथै क्याम्पसको स्नातक तह प्रथम वर्षमा अध्ययनको लागि क्याम्पसमा भर्ना भएका विद्यार्थीहरू गरी २२५ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई प्रमुख अतिथि लामिछानेद्वारा पुष्पगुच्छा, कलम र डायरी साथै विशिष्ट अतिथि पङ्गेनीद्वारा टीका प्रदान गरिएको थियो । विद्यार्थी जीवनमा अनुशासनको महत्व उल्लेख गर्दै विशिष्ट अतिथि पङ्गेनीले क्याम्पसको शैक्षिक गुणस्तर राम्रो भएको हुनाले आफ्ना छोरीहरूलाई BBA र BICTE अध्ययनको लागि यसै क्याम्पसमा भर्ना गरेको सन्दर्भ उल्लेख गर्दै नवआगन्तुक विद्यार्थीहरूको शैक्षिक सफलताको कामना गर्नुभयो । सो अवसरमा प्रमुख अतिथि लामिछानेले देवकोटा क्याम्पसले नेपालमा नै ११ औं स्थानमा गुणस्तर सुनिश्चितता तथा प्रत्यायन (QAA) प्रमाणपत्र प्राप्त गर्न सफल भएकोमा क्याम्पससंग सम्बद्ध सम्पूर्ण पक्षलाई धन्यवाद दिनु भयो । उक्त कार्यक्रममा शिक्षक चिरञ्जिवी बस्यालको स्वागत मन्तव्य र उप-प्राध्यापक हरिदत्त शर्माको सञ्चालन रहेको थियो ।

## दन्त परीक्षण शिविर

विश्व मौखिक  स्वास्थ्य तथा स्वच्छता दिवसको अवसर पारेर मिति २०८०/१२/०८ गतेका दिन युनिर्भसल कलेज अफ डेन्टल सर्जरीको प्राविधिक सहयोग साथै महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसमा दन्त परीक्षण शिविर सम्पन्न भएको छ ।

महाकवि देवकोटा क्याम्पस सञ्चालक समितिका अध्यक्ष कृष्णप्रसाद लामिछोनेको अध्यक्षता, सुनवल नगरपालिकाका नगरप्रमुख विमला अर्यालको प्रमुख आतिथ्यता, हस्पिटल एडमिनिस्टेटिभ कोडिनेटर डाक्टर दिपक यादव र डिपार्टमेन्ट ओरल मेडिसिन डाइग्नोसिस एण्ड रेडियोलोजीका प्रो.डा. सिद्धार्थ गुप्ता द्वयको विशिष्ट आतिथ्यतामा सम्पन्न भएको उक्त कार्यक्रममा क्याम्पस संस्थापक अध्यक्ष थानप्रसाद गैरे, सुनवल नगरपालिका वडा नं. ४ का वडाध्यक्ष बालकृष्ण पङ्गेनी, क्याम्पस सञ्चालक समिति सदस्य गोपालप्रसाद शर्मा, उमानाथ पोखरेल, शालिकराम सापकोटा, क्याम्पस सल्लाहकार समिति सदस्य देवी घिमिरे, प्रतिभा कार्की, कलाधर सापकोटा, क्याम्पस संरक्षक सन्तोष कुमार पहारी, क्याम्पस सञ्चालक समितिका पूर्व सदस्य रेशम शर्मा, समाजसेवी मोहन कार्की, शिविर सञ्चालनमा उपस्थित हुनुभएका युनिर्भसल कलेज अफ डेन्टल सर्जरीका डाक्टरहरू, क्याम्पसका शिक्षक कर्मचारीहरू, दन्त परीक्षणका लागि उपस्थित विद्यार्थी साथै अन्य महानुभाव गरी २०० जनाको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो ।

शिविर उद्घाटनसत्रमा बोल्दै विशिष्ट अतिथि डाक्टर यादवले क्याम्पसले दन्त परीक्षण शिविरको आयोजना गरेर आफूहरूलाई बोलाएकोमा धन्यवाद दिनुभयो । साथै अर्का विशिष्ट अतिथि प्राध्यापक डाक्टर गुप्ताले उपस्थित सबैलाई धुम्रपान नगर्ने सफत गराउनु भएको थियो । कार्यक्रममा प्रमुख अतिथि नगरप्रमुख अर्यालले मानव जीवनमा मुख र दाँतको निकै महत्वपूर्ण स्थान हुने कुरा उल्लेख गर्दै दाँतले नै शरीर स्वस्थ राख्न मद्धत गर्ने हुनाले दाँतको नियमित परीक्षण गर्नु पर्ने सुझाव दिनुभयो । साथै उहाँले  सुनवल नगरपालिका मै दन्त परीक्षण शिविर पहिलो पटक सञ्चालन भएको हुनाले प्राविधिक सहयोगी युनिर्भसल कलेज अफ डेन्टल सर्जरी भैरहवा र आयोजक महाकवि देवकोटा क्याम्पसलाई धन्यवाद दिनुभयो । उद्घाटन कार्यक्रम समापनको अवसरमा बोल्दै सभाध्यक्ष लामिछानेले क्याम्पसको निमन्त्रणा स्वीकार गरी कार्यक्रममा उपस्थित सम्पूर्णलाई हार्दिक धन्यवाद व्यक्त गर्नुभयो । उक्त कार्यक्रममा क्याम्पस प्रमुख नारायण प्रसाद ढकालको स्वागत मन्तव्य र  उप-प्राध्यापक हरिदत्त शर्मा सञ्चालन रहेको थियो । शिविरमा १७० जनाले दन्त परीक्षण गराएका थिए । अन्तमा युनिर्भसल कलेज अफ डेन्टल सर्जरी भैरहवालाई मायाको चिनो र डाक्टरहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।

## सरसफाई सामग्री वितरण कार्यक्रम

महाकवि देवकोटा क्याम्पस विद्यार्थी परिषद्को आयोजनामा मिति २०८०/१२/०९ गतेका दिन रुपन्देही जिल्ला देवदह नगरपालिका वडा नं. ६ मा अवस्थित श्री कालिका आधारभूत विद्यालयमा सरसफाई सामग्री वितरण कार्यक्रम सम्पन्न भएको छ।

विद्यालयका प्रधानाध्यापक तेजबहादुर अर्यालको अध्यक्षता, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धनबहादुर रानाको प्रमुख आतिथ्यतामा सञ्चालन भएको उक्त कार्यक्रममा महाकवि देवकोटा क्याम्पसका उप-प्राध्यापक हरिदत्त शर्मा, विद्यार्थी परिषद्का सभापति प्रकाश वि.क., महाकवि देवकोटा क्याम्पस व्यवस्थापन सङ्काय स्नातक तह चौथो वर्षमा अध्ययनरत विद्यार्थी, विद्यालयमा प्राध्यापनरत शिक्षक शिक्षिका गरी १५ जनाको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा बोल्दै प्रमुख अतिथि रानाले सरसफाई घरबाट नै प्रारम्भ गर्नु पर्ने भन्दै स्वच्छ समाज निर्माणमा सरसफाईले महत्वपूर्ण भूमिका निर्वाह गर्ने विचार व्यक्त गर्नुभयो । उक्त अवसरमा विद्यार्थी परिषद्का सभापति वि.क.ले विद्यालयले सहयोग गर्ने वातावरण तयार गरेकोमा धन्यवाद दिनुभयो । सो अवसरमा पाँच थान डस्टविन, पाँच थान कुचो साथै अन्य सरसफाई सामग्री क्याम्पसको तर्फबाट विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई हस्तान्तरण गरिएको थियो । कार्यक्रम समापनको अवसरमा बोल्दै कार्यक्रमका अध्यक्ष अर्यालले स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा यस्तो समाजसेवाको भावना विकास भएकोमा खुशी व्यक्त गर्नुभयो । कार्यक्रममा सहजीकरण गर्दै स्नातक तह चौथो वर्षमा अध्ययनरत छात्र शिशिर शर्माले महाकवि देवकोटा क्याम्पस सामुदायिक क्याम्पस भएको र समुदायप्रति क्याम्पसको सामाजिक उत्तरदायित्व पूरा गर्ने साथै विद्यार्थीहरूमा समाजसेवा र मानवसेवाको भावना विकास गराउने उद्देश्यले उक्त कार्यक्रमको आयोजना गरिएको विचार व्यक्त गर्नुभयो ।

## स्वागत कार्यक्रम

मिति २०८०/१२/१० गतेका दिन महाकवि देवकोटा क्याम्पसको आयोजनामा यसै क्याम्पसको सभाहलमा व्यवस्थापन सङ्काय स्नातकोत्तर तह (MBS ) र स्नातक तह (BBA) प्रथम सेमेस्टरमा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई शैक्षिक सफलताको कामना गर्दै स्वागत गर्ने उद्देश्यले आयोजना गरिएको स्वागत कार्यक्रम सम्पन्न भएको छ ।

